# मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शिक्षा योजना
तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड)
द्धितीय बर्षको आंशिक आवश्यकता पुरा
गर्नको लागि तयार पारिएको

**शोध-पत्र**


शोध कर्ता

कमला श्रेष्ठ

क्याम्पस क्रमाङ्क :-६१/०६९

परीक्षा क्रमाङ्क :- २४०००06/०७१

त्रि. वि. दर्ता नम्बर :- ९-२-२४०-३२०-२००८



सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

२०७४

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरका शिक्षा योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा कमला श्रेष्ठ को पाठ्यांश प्रयोजनार्थ प्रस्तुत मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँले अथक परिश्रम लगनशीलताका साथ तयार गर्नुभएको प्रस्तुत शोध कार्यबाट म पूर्ण रूपमा सन्तुष्ट छु । अतः आवश्यक मूल्याङ्कनका लागि शिक्षा योजना तथा व्यवस्थापन विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवनमा सिफारिस गर्दछु ।

मिति :

सन् :

..................................

सह प्रा. कुवेरनाथ शर्मा

(शोध निर्देशक)

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविधालय शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस  शिक्षा योजना तथा व्यवस्थापन विभाग अन्तर्गतको आवश्यकता पुरा गर्नको लागी मन्टेश्वरी कक्षा षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग बिषयमा यो शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमुल्य सहयोग तथा सुझाव सल्लाह प्रदान गर्नुहुने, यस सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु उप.प्राध्यापक कुबेरनाथ शर्मा ज्यु प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु । यस शोधपत्रलाई पुर्ण रुप प्रदान गर्नका लागी अनवरत रुपबाट सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु उप.प्रा.देनप्रसाद लामिछाने र उप.प्रा. होमनाथ सापकोटा एवम् सप्तगण्डकी बहुमुखी क्याम्पस परिषर प्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

शोधकार्यको सिलसिलामा आवश्यक सुचना तथा तथ्यांकहरु र सुझाबहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित संस्थाका सञ्चालक, अभिभावक, शिक्षिका, विद्यार्थी, आया र शिक्षा प्रेमी व्यक्तिहरु प्रति आभार व्यक्त गर्दै अमुल्य सहयोगका लागी धन्यवाद दिन चाहान्छु । अन्त्यमा यो शोधपत्रलाई कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनु हुने शुवर्ण न्यौपाने(फोनेट) ज्यु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

कमला श्रेष्ठ

# शोधसार

*मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग नामक शीर्षक चयन गरेर गरिएको प्रस्तुत शोध प्रस्तावना मुख्य उद्देश्यहरु ४ वटा रहेका छन् । जसमा मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामाग्रीको प्रयोगको वर्तमान अवस्था पहिचान गर्नु, कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामाग्रीको प्रयोगमा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु, कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामाग्री प्रयोगमा देखिएका समस्याहरु पत्ता लगाउनु, स्थानीय शैक्षिक सामाग्री प्रयोगमा देखिएका समस्याहरुको समाधानका उपायहरु सुझाउनु रहेका छन् ।*

*अध्ययन कार्यलाई सरल र सहज बनाउन एवम् माथि उल्लेखित उद्देश्य पुरा गर्नकालागी उद्देश्यमुलक नमुना छनोट विधिका आधारमा मिश्रित अनुसन्धान ढाँचाद्धारा चितवन जिल्ला भरतपुर महानगरपालिकाका ३ वटा मन्टेश्वरीहरु : नारायणी किड्सजोन मन्टेश्वरी, किड्स टाउन मन्टेश्वरी र ओमशान्ति बालबाटिका मन्टेश्वरीको शैक्षिक गतिविधिमा सिमित गरिएको छ । नमुना छनोटमा रहेका मन्टेश्वरीहरुबाट क्रमश : प्रत्येक मन्टेश्वरीको सञ्चालक-३ जना, शिक्षिकाहरु-३ जना, विद्यार्थीहरु-६ जना, अभिभावक-६ जना र आया-३ जना गरी जम्मा २१ जना सँग प्रत्येक्ष छलफल, प्रश्नावलि, अन्तर्वार्ता, विधिको आधारमा प्राथामिक स्रोत संकलन गरिएको छ ।  त्यस्तै द्धितिय स्रोत अन्तर्गत मन्टेश्वरीको अभिलेख, पत्रपत्रिका, लेख, रचना, बुलेटिन, प्रकाशित, अप्रकाशित शोध पत्रलाई लिइएको छ । यस अध्ययनमा फ्रोबेलको किन्डर गार्टेन विधिलाई आधारमानि कक्षाका बालबालिकाहरुले स्थानीय शैक्षिक सामग्रीको प्रयोग बढि गरी मनोरञ्जनात्मक शैलिमा बालकेन्द्रित विधिबाट शिक्षण हुन पर्ने कुरामा आधारित रहेको छ ।*

*शिक्षा नै सफल जीवनको आधार स्तम्भ भएकोले ज्ञान आर्जन गर्ने क्रममा मन्टेश्वरी शिक्षालाई घरपरिवार पछिको महत्वपुर्ण मानिन्छ । शिक्षण सिकाईलाइ प्रभाबकारि बनाउन धेरै पहल गर्दा गर्दै पनि हाम्रो मुलुकमा अझै पनि न्युन उपलब्धि महशुस गरिएको छ । अपेक्षित उपलब्धि प्राप्त गर्ने स्थानीय शैक्षिक सामग्रीको उपयुक्त रुपमा प्रयोग गर्नुपर्ने कुरामा आधारीत रहेको छ । त्यस्तै खेल नाटकबाट बालबालिकाहरुमा सृजनात्मक रुपबाट ज्ञान, सिप र धारणाको विकास हुन गई भविष्यमा कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न सफल हुने गर्दछ । भिन्न किसिमबाट सञ्चालित बाल कक्षाहरुका स्थानीय शैक्षिक सामग्रीहरुको*

उपलब्धता र प्रयोग विभिन्नताका कारण उनिहरुको उपलब्धि स्तरमा अत्यन्तै फरक पाइएकाले मन्टेश्वरी कक्षामा शैक्षिक सामग्रीको आवश्यकता छनोटमा परेका २ ओटा मन्टेश्वरीको बालबालिकाको उपलब्धि स्तर उच्च रहनुमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग र १ वटा मन्टेश्वरीका बालबालिकाहरुको उपलब्धि स्तर न्युन देखिनु स्थानीय शैक्षिक सामग्रीको कम प्रयोग हुनु रहेको छ । त्यस्तै स्थानीय शैक्षिक सामग्रीको प्रयोग बढि भएकोले अघिल्लो शैक्षिक सत्र भन्दा पछिल्लो शैक्षिक सत्रमा उपलब्धि स्तर क्रमश उच्च रहेको पाइयो ।

समग्र शिक्षण प्रणालीलाई प्रभावकारी र दीर्घकालिन बनाउनको लागि मन्टेश्वरी तह देखि नै स्थानीय स्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी शिक्षण गराउनु पर्ने सोचको विकास गर्ने नीति सरकारी तबरबाट हुनु पर्दछ । शिक्षण पद्धतिलाई सफल पार्नको लागि कार्यन्वयन पक्षबाट शिक्षिकाको कार्यदक्षतालाई अनुगमन मुल्यांकन गरी उचित दण्ड, पुरस्कारको व्यवस्था गर्नुपर्ने,  स्थानीय शैक्षिक सामग्रीको प्रयोग प्रशस्त रुपमा गर्नुपर्ने, भौतिक व्यवस्थापन उच्च राख्नुपर्ने, अभिभावक सँग बालबालिकाको प्रगतिको बारेमा अन्तरक्रिया गर्नुपर्ने हुन्छ । शैक्षिक उपलब्धि बृद्धि गराउन शिक्षिकाहरुले पेसा प्रति उत्सुकता पुर्वक बालबालिकालाई शिक्षण गर्ने मेरो कर्तव्य र जिम्मेवारी हो भनि कार्यान्वयन गर्नु पर्दछ ।

# बिषय सूची


**परिच्छेद एक** **१–१३**
**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ९
१.३ अध्ययनको औचित्य १०
१.४ अध्ययनको उद्देश्य ११
१.५ अनुसन्धान प्रश्नहरु १२
१.६ अध्ययनका परिसिमाहरु १२

**परिच्छेद दुई**
**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** **१४–२७**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १४
२.२ अध्ययनको सैद्धान्तिक खाका २५
२.३ पुनरावलोकनको शैक्षिक उपादेयता २७

**परिच्छेद तीन**
**अध्ययन विधि** **२८–३१**

३.१. अनुसन्धान ढाँचा २८
३.२ अध्ययनको जनसङ्ख्या तथा नमुना छनो २९
३.३ तथ्याङ्क सङ्कलनका साधनह २९
३.३.१ अन्तरवार्ता प्रश्नावली २९
३.३.२ अवलोकन फारम २९
३.४ तथ्याङ्क संकलनका स्रोतहरु ३०
३.४.१ प्राथमिक स्रोत ३०
३.४.२ द्धितिय स्रोत ३०
३.५ तथ्याङ्क सङ्कलन विधि ३०
३.६. तथ्याङ्क बिश्लेषण विधि ३१

## परिच्छेद चार


**तथ्याङ्कको व्याख्या एवं विश्लेषण** ३२-४८

४.१ मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको वर्तमान अवस्था ३२

४.१.१ उपलब्ध शैक्षिक सामग्री ३३

४.१.२ शैक्षिक सामग्री निर्माण प्रक्रिया ३४

४.१.३ स्थानीय सामग्रीको प्रयोग ३५

४.२ मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रभाव ३७

४.२.१ बालबालिकाको रुचि ३७

४.२.२ विद्यार्थीको सृजनशीलता ३८

४.२.३ शिक्षण विधि ३९

४.२.४ पाठ्यक्रमको सान्दर्भिकता ४०

४.२.५ सिकाइ उपलब्धि ४१

४.३ मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्दा आइपर्ने समस्याहरु ४३

४.३.१ सामग्री निर्माणमा समस्या ४४

४.३.२ शैक्षिक सामग्री प्रयोग ४४

४.३.३ शैक्षिक सामग्रीको व्यवस्थापन ४५

४.४ मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका स मस्याहरुको समाधानका उपायहरु ४५

४.४.१ स्रोत र सामग्री ४६

४.४.२ तालिम प्राप्त शिक्षिका ४६

४.४.३ दण्ड र पुरस्कार ४६

४.४.४ भौतिक पूर्वाधारको विकास ४७

४.४.५ शैक्षिक उपलब्धि वृद्धि ४७

**परिच्छेद पाँच** **४९–५४**

**निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ४९

५.२ सुझावहरु ५१

५.२.१ नीतिगत तह ५१

५.२.२ कार्यान्वयन तह ५२

५.२.३ अनुसन्धान तह ५३

**सन्दर्भग्रन्थ सूची** ५५

**अनुसूचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव जीवनका विभिन्न अवस्था मध्ये पहिलो एवम् महत्वपुर्ण अवस्था बाल्यवस्था हो । भावी जीवनको आधार भनौं वा जग बाल्यकाल नै हो । "जग बलियो भए घर बलियो हुन्छ, भने झै बाल्यकाल राम्रो भए सिंगो भविश्य नै राम्रो हुन्छ । आजका बालबालिका नै भोलि देश एवम् विश्वकै असल नागरिक बन्ने हुन् । भोलिको राष्ट्र सञ्चालन गर्ने मानव स्रोत भनेकै आजका बालबालिका हुन् । बालबालिकाहरुलाई उचित स्याहार, माया, ममता, सुरक्षा र शिक्षा प्राप्त भएन भने देशको भविष्य बालबालिकाको भविष्यसँगै समाप्त भएर जान्छ, त्यसैले बालबालिका प्रति समुचित ध्यान पुऱ्याउन पर्छ । बालबालिकाहरुले शिक्षा आर्जन गर्ने प्रक्रियाका अधिकाश गतिविधि बाल्यावस्थामा निर्भर रहन्छ । बालबालिका भनेका भोलिका कर्णधार हुन् । उनिहरुलाई राम्रो शिक्षा प्रदान गरी एक असल नागरिक बनाउनको लागी विभिन्न रुपले मानव सभ्यताको विकास सँगै शिक्षा आर्जन गर्ने परिपाटिको क्रमिक विकास भयो र विभिन्न शैक्षिक संस्थाहरुको स्थापना भए । समुदायले आफ्ना आवश्यकताहरु पुरा गर्न स्थापित भएका शैक्षिक संस्थाहरुले बालबालिकाहरुलाई शिक्षा दिन थाले । शिक्षाका विभिन्न प्रणालीको विकास भयो ।

शिक्षा एक गतिशिल प्रक्रिया हो । यो मानिसको जन्मदेखि मृत्यू पर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रक्रिया हो । यसले समाजको विकासको लागि आवश्यक ,जनशक्ति तयार पार्दछ । मानिसको आधारभुत आवश्यकताको रुपमा गाँस, बाँस, कपास, शिक्षा स्वास्थ्य सुरक्षा पर्दछ भनेर संयुक्त राष्ट्रसंघले स्वीकार गरेको छ । त्यसमा पनि सबै पक्षको विकास र विस्तार गर्न शिक्षाको नै आवश्यकता पर्दछ । शिक्षा जीवन ज्योति हो , सभ्यता र संस्कृतिको जननी हो । शिक्षा बिनाको मानव पशुसरह हुन्छ । मानिसलाई व्यतिगत र सामूहिक रुपमा सक्षम बनाउन उचीत शिक्षा दिनु पर्दछ । आत्मिक , मानसिक शारीरीक

आध्यात्मिक , बैयक्तिक एवम् सामाजिक र भौतिक विज्ञान र प्रविधि सबै किमिमका मानविय कृयाकलापको उन्नतीको मुहान नै शिक्षा हो । प्रत्येक व्यक्ति समाज राष्ट्रको सर्वाङगिक विकासको निम्ति शिक्षा अपरिहार्य हुन्छ

मानव जीवनको एउटा महत्वपूर्ण अंगको रुपमा मानिएको शिक्षाद्वारा मानिसले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्न सक्व्दछ । अग्रेजी को education शब्द ल्याटिन भाषाका तीन शब्दहरु Educatum, Educare बाट आएको मानिन्छ । नेपालीमा शिक्षा शब्द संस्कृतिको विद् शिक्षा शिष् धानुबाट आएको हो जसको अर्थ सिक्नु । सिकाउनु वा जान्नु हन्छ । शिक्षाशास्त्री सुकरातका अनुसार "प्रत्येक मानिसको मस्तिष्कमा अदृश्य रुपले विद्यमान संसारको त्यो सर्वमान्य विचारलाई प्रकाशमा ल्याउन् नै शिक्षा हो ।" अरस्तु ले "स्वास्थ्य शरिर मा स्वस्थ मस्तिष्कको निर्माण गर्नु नै शिक्षा हो । " शिक्षाले मानव शक्तिहरुको विशेष रुपले मानसिक शक्तिहरुको विकास गर्दछ , जसद्वारा उसले सत्यम, शिवम, सुन्दरम को भावनाको आनन्द लिन सक्षम हुन्छ" भनेर भनेका छन् , ( शर्मा २०६६ : ४० ) ।

नेपालमा शिक्षाको प्रारम्भ गुरुकुल प्रणालीबाट भएता पनि समयको माग र व्यक्ति हरुको चाहाना अनुसार शिक्षा को स्वरुप र विषयबस्तुको ढाचाँ पनि परिर्वतन र परिस्कृत हुदैं गएको ऐतिहासिक तथ्य छ । गुरुकुल शिक्षामा शिष्य बिद्या आर्जन गर्न गुरुको आश्रममा जानु पर्ने गुरुमा नै शिक्षाको सम्पूर्ण प्रक्रिया निर्भर रहने , कुनै विशिष्ट किसिमको पाठ्यक्रम वा पाठ्यपुस्तक नहुने र संस्कृत भाषाको माध्यबाट शिक्षा दिने जस्ता प्रचलन रहेको थियो । लिच्छविकालिन शिक्षा प्रणालीमा कला , संस्कृति , साहित्य , वेद ,ज्योतिष आदि विषयमा उच्च स्तरको पढाई हुने गरेको अभिलेख पाईन्छ ( अधिकारी २०६५ : ६५ )

नेपाली परिवेशलाई हेर्दा वि.सं. १९०३ अगाडिको शिक्षामा औपचारिक शिक्षा दिने परिपाटि नरहेको पाइन्छ । त्यस बेलामा शिक्षालाई गुरुकुल शिक्षा प्रणाली भन्ने गरिन्थ्यो । यस प्रणाली अनुसार महार्षिद्धारा उनीहरुको आश्रममा गएर राजा महाराजा एवम् अन्य विशिष्ट

व्यक्तिहरुका सन्ततीका लागी शिक्षा दिने गरिन्थ्यो । मुल्यांकन परिपाटि घोकेर, कण्ठस्थ गरी गुरु सामु वाचन गर्नु पर्दथ्यो । वि.स. २००७ साल अगाडिको राणाहरुको उदय अघिको शिक्षालाई नेपालमा राणाकालिन शिक्षा व्यवस्था भनेर भनिन्छ । त्यसवेला राणाका आफ्ना सन्तान र भाइदारहरुको लागी मात्र शिक्षा सिमित भयो । त्यसै गरी वि.सं. २००७ साल देखि २०२८ साल सम्म शिक्षामा ब्यापक वृद्धि विस्तार भएको पाइन्छ । प्रजातन्त्रको उदय पश्चात नेपाली जनतामा शिक्षाको आवश्यकता महसुस भई शिक्षाको लहर फैलियो । परिणाम स्वरुप प्रशस्त विधालय खुले । (के.सी, २०६५)

मानव सम्पदाको विकासको क्रमसँगै शिक्षाको प्रारम्भ भएको हो । शिक्षालाई ज्ञान आर्जैन गर्न माध्यमको रुपमा लिइएको छ । शिक्षा विकासलाई हेर्दा मानिसले पार गर्दै आएका एक यूगले अर्को यूगलाई पाठ पढाएको पाइन्छ । नेपालको स्थापना काल देखि नै शिक्षाको शुरुवात भई यसको विकास आफ्नै गति बाट हुदैं आएको पाइन्छ । प्राचिन कालमा बाबुले छोरालाई आमाले छोरी लाई आफ्नै ज्ञान सिप संस्कार अनुसारको शिक्षा दिने गर्दथे । प्राचीन नेपालको शिक्षा पूर्ण रुपमा गुरुकुल मा आधारित थियो । शिक्षाको आधारमा बेदलाई मानिएको थियो । (शर्मा , २०६२)

शिक्षा मानव जीवनको आधारभूत पक्ष हो । राष्टिय विकासको मेरुदण्ड हो । मानव व्यक्तित्वको विकास र उन्नतीको आधार हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू बाचेँको संसार र समाज बुझ्ने क्षमता र ज्ञानको भण्डार आर्जन गर्न सक्दछ । शिक्षाले मानव जीवनका अवसरहरुलाई बढाउन मद्दत गर्दछ । परिर्वतन समयसँग व्यक्ति पनि परिर्वतन समय अनुसार व्यक्तिलाई अनुकुलित हुन सिकाउछँ, ( कोइराला २०६१ )

मानव सभ्यताको विकास सँगै शिक्षाको विकास भएको पाइन्छ । शिक्षा मानव जीवनको अभिन्न अंङ्ग हो । यसले व्यक्तिमा विभिन्न पक्षको गुणको विकास गरी सामाजीक प्राणीका रुपमा अगाडी बढाउन मद्धत गर्दछ । व्यक्ति, परिवार, समाज, समुदाय र राष्ट्रको उन्नतिको प्रमुख पूर्वाधारको शिक्षा नै हो । शिक्षाले व्यक्तिको अन्तर्निहित ज्ञान, सिप र क्षमताको

विकास गर्नुका साथै व्यक्तिलाई शिक्षित बनाउने काम गर्दछ । सामान्य रुपमा ज्ञान लिनुलाई शिक्षाको रुपमा लिइने भएता पनि व्यापक रुपमा यो जन्मेदेखि मृत्युपर्यन्त चलिरहने प्रकृया हो । हरेक समाजमा समयअनुसार शिक्षाका अनेक स्वरुप र प्रकृया चलेका देखिन्छन् । (पन्थ २०६३)

विश्वमा प्राचीन शिक्षाको जग पाश्चात्य जगत ग्रीस र रोमबार्ट अगाडी बढेको पाइन्छ, भने पुर्वीय जगतमा वैदिक शिक्षा र बौद्ध शिक्षाको माध्यमबाट अगाडी बढेको पाइन्छ ।(शर्मा २०५८,३३८)

शिक्षाको पहिलो पाठशाला घर, परिवार र समुदाय हो, भने त्यसपछि औपचारिक शिक्षाको थलो वर्तमान अवस्थामा मन्टेश्वरी शिक्षा हो । मन्टेश्वरी प्रणालीको सुरुवात इटालीको पहिलो. फिजीसीयन डा.मारीया मन्टेश्वरीद्धारा प्रतिपादित प्रणाली हो । उनको जन्म सन् १८७० अगष्ट ३१ र मृत्यृ १९५२ मई ६ मा भयो । रोमको विधालयमा पढाउदै र बालमनोवैज्ञानीक उपचार केन्द्रमा काम गर्दै गर्दा त्यहि बालबालिकाहरुको अध्ययनबाट सन् १९०७ मा उनीले अभ्यास (मन्टेश्वरी) को सुरु गरेकी हुन् । मारिया मन्टेश्वरीको आमा रिनाल्ड मन्टेश्वरी एक शिक्षक भएको कारणले आमाबाटै प्रभावित भई मारीया मन्टेश्वरीले सामान्य बच्चाहरुलाई पनि शारिरिक र मानसीक रुपमा अशक्त बालबालिकाहरुलाई जस्तै शिक्षा दिन आवश्यकता महसुस गरी सन् १९०७ मा मन्टेश्वरीको सुरुवात गरेकी हुन् ।

मन्टेश्वरी शिक्षा भनेको बालबालिकाहरुलाई हौसला प्रदान गर्दै रुचिकर, स्वास्थकर एवं पाच्य हुने वातावरणमा विभिन्न व्यवहारहरु देखाइ, गर्न लगाई वा आवश्यक क्रियाकलाप मार्फत उनिहरु आफै सिक्न / ज्ञान लिने पद्धती नै डा.मारीया मन्टेश्वरी द्धारा प्रतीपादीत मन्टेश्वरी शिक्षण पद्धती हो । विभिन्न समयमा मन्टेश्वरी पद्धतीको विकास हुदै जादा यस संसारमा आफ्ना साम्राज्य फैलाइ रहेको छ । साथै विश्वमै सफल पद्धतीको रुपमा विकसीत भइरहेको छ । मन्टेश्वरी शिक्षा यस्तो शिक्षा हो, जसलाई घरकै वातावरणको संरचना अनुसार तयार गरिएको हुन्छ । मन्टेश्वरी भवनमा काम गर्ने कोठा, खाना खाने कोठा, सुत्ने

कोठा, चर्पी, फुलबारी, खेलमैदान, बालबालिकाहरुको उमेर सुहाउदो फर्निचर तथा विभिन्न प्रकृतिका शैक्षिक सामग्रीहरुको व्यवस्थापन ग्रिएको हुन्छ । बालबालिकाहरुलाई विभिन्न बाल समुहहरुमा विभाजन गरिएको हुन्छ । यसरी विभाजित बाल समुहहरुले दिशा-पिसाब, नुहाइ, धुवाई, सरसफाई, वगैचाको हेरचाह जस्ता कार्य आफै गर्दछन् । उनिहरु आ-आफ्नो रुचि अनुसार कुनै न कुनै क्रियाकलापमा संलग्न भई उपदेशात्मक सामग्रीहरु खेलेर आफै सिक्दछन् । स्वतन्त्र वातावरणमा बालबालिकाहरुको व्यक्तिवादी भावनाको विकास गर्नु मन्टेश्वरी शिक्षाको उद्देश्य भएकोले यसमा पाठ्यक्रम बिषय केन्द्रित नभई बालकेन्द्रित हुन्छ । ( I. T.B मन्टेश्वरी हाउस, २०७२ )

बालबालिकाको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउन सर्वसुलभ रुपमा प्राप्त गर्न शैक्षिक सामग्रीकहरुको प्रयोगबाट शिक्षण सिकाइ सरल, रुचिपुर्ण, आकर्षक र प्रभावकारी बनाउनुका साथै बालबालिकाहरुलाई रमाइलो शैलीमा शिक्षण गराउने उपकरण नै शैक्षिक सामग्री हुन् । बालबालिकाहरु मन्टेश्वरीमा प्रवेशको प्रारम्भीक चरणमा उसले गर्ने अनुभवलाई बालमनोविज्ञानका दृष्टिबाट हेर्दा कक्षाकोठाको वातावरण उसलाई पढाउने शिक्षक लगायत सम्पुर्ण व्यवस्थापन पक्षमा ध्यान पुऱ्याउन पर्दछन । प्रारम्भिक अवस्थामा सिकेका कुरा नै भविष्यको सिकाईको जग हुने भएकोले यस तहका बालबालिकाहरुलाई सिर्जनात्मक प्रतिभा प्रस्फुटन  गर्न शैक्षिक सामग्रीको प्रयोग गरी योजनाबद्ध रुपमा कार्यक्रम अगाडी बढाउनु पर्दछ । बलाबालिकाहरुमा शिक्षण गर्दा स्थानीय स्तरमा सजिलै उपलब्ध हुन सक्ने शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । सुनेको कुरा भन्दा देखेको कुरा स्मरण योग्य हुनाले त्यस्ता सामग्रीको प्रयोग उचित ठहरिन्छ । एक अनुसन्धानबाट पनि यसलाई प्रमाणित गरिएको छ । ८३ प्रतिशत सिकाई देखाईबाट हुन्छ, ११ प्रतिशत सुनेर, ३.५ प्रतिशत सुंघेर, १.५ प्रतिशत छोएर, १ प्रतिशत स्वाद लिएर, श्रव्यदृश्य सामग्रीको संयुक्त प्रयोगले विधार्थीको सहभागितामा पढाई शिक्षण हुन्छ । ( कोबुन १९६८)

शैक्षिक सामग्रीको निर्माण मात्र ठुलो कुरा होइन अर्थात् शैक्षिक सामग्रीको उपलब्धता मात्र ठुलो कुरा होइन मुल कुरा त के हो भने शैक्षिक सामग्रीको प्रयोग कसरी गरीन्छ । त्यसमा

यसको उपयोगीता भर पर्दछ । राम्रो शैक्षिक सामग्री भएर पनि सहि र ठिक ढंगबाट त्यसको प्रयोग हुन सकेन भने त्यसको कुनै औचित्य रहदैन । शैक्षिक सामग्रीलाई यस बेला प्रभाबकारी मानिन्छ, जब शिक्षणका उद्देश्यहरु पुरा गर्ने काममा उक्त सामग्रीले सहयोग पुऱ्याउछ । शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा विभिन्न ज्ञान सिप र धारणको विकास गर्न सघाउनु पर्दछ । शैक्षिक सामग्रीको प्रयोग गर्नाले सिकाई दिगो र अर्थपुर्ण बन्यो भने मात्र शैक्षिक सामग्री प्रयोग गरेको अर्थ रहन्छ । त्यसैले शैक्षिक सामग्रीको छनोट निर्माण र प्रयोग गर्दा पाठको स्वरुप र प्रकृति अनुसार गर्नु पर्दछ । कुनै पनि विषयको शिक्षण गर्दा त्यस शिक्षणमा शैक्षिक सामग्री विधार्थीमा उत्सुकता पैदा गर्ने, उत्प्रेरण प्रदान गर्ने, सिकाई स्थायी बनाउने कार्य गर्नुपर्दछ , (अधिकारी, २०६०)

शिक्षककलाको प्रभावकारी तत्व शैक्षणिक सामाग्रीको प्रदर्शन र यसको उचीत पयोग बीच अत्यन्तै गहिरो सम्बन्ध छ । शैक्षिक सामाग्रीको प्रयोग उचीत समयमा उचित किसिमले हुन सक्नु पर्दछ । पाठको उद्देश्य प्राप्तीमा सघाउ पुऱ्याउँन  शैक्षिणीक सामाग्री को संकलन , निर्माण प्रयोग , भण्डार आदि सबै पक्षमा कलात्मक एंव मनोबैज्ञानिक चिन्तन को उपयोग गर्नु पर्दछ । सामाग्री को निर्माण मूलतः स्थानिय स्रोतबाट  प्राप्त हुने सस्ता बस्तुबाट प्रभावकारी र आकर्षण ढंगले गरिनु पर्दछ  । सामाग्री रोचक हुनाको साथै जिज्ञाशा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने हुनु पर्दछ भन्ने प्राथामिक शिक्षा २०४९ को उद्देश्य रहेको छ । शैक्षणिक सामग्रीको प्रयोग बाट पाठ स्पष्ट हुन्छ र प्रस्तुत धारणलाई सिकारुमा हस्तान्तरित गर्न सफल हुन्छ । एउटा उपयक्त चित्रले हजारौ शब्दको ज्ञान गराइ रहेको हुन्छ , ( सापकोटा , २०६२ ) ।

शैक्षिक सामाग्री छनोटका विभिन्न आधार एंव सिद्वान्त हरु छन । यस्तै तयारी सिद्वान्त छनोट सिद्वान्त , नियन्त्रण सिद्वान्त , सदुपयोग र प्रस्तुतीको सिद्वान्त , प्रतिक्रिया र समुह सिद्वान्तमा आधारित हुनु पर्दछ । समग्रमा शैक्षिक सामाग्री लाई ४ भागमा विभाजन गरिएको छ , श्रेष्ठ २०६२ )

सकारात्मक रुपमा शिक्षाको गुणस्तर वृद्धिको लागि शैक्षिक सामग्रीको अत्यन्त ठूलो भूमिका छ । शिक्षण सिकाईको  केन्द्र विन्दु नै विद्यार्थी भएकोले शिक्षकले कक्षामा अनुकुल वातावरण सृर्जना गरी अध्यापन कार्य सफल पार्न विषयवस्तु अनुसार को शैक्षिक सामग्री को सहिकिसिमले प्रयोग गर्न अति आवश्यक छ ।  शैक्षिक सामग्री भन्दा कुनै पनि सामाग्री लाई लिन सकिन्छ । जसले विद्यार्थी लाई शिक्षण सिकाई  कार्यमा सहयोगी हुन सकोस । उनी हरुले वास्तविक र व्यवहारिक ज्ञान प्राप्त गर्नुका साथै सृजनात्मक प्रतिभाको  विकास गर्न समेत मद्दत पुगोस । विद्यार्थीले अध्ययन  क्रियाकलापमा अभिरुची बढाई सोच्ने बानी र पठन पाठन क्रियाकलापमा शिक्षक विद्यार्थीको संलग्नता बढ्न सकोस् भन्ने धारणका साथ शैक्षिक सामाग्री को प्रयोगलाई जोड दिएको छ ,  ( हाडा २०५९)

बालबालिकाहरुमा शिक्षण सिकाई अर्थपुर्ण बनाउन मौखिक बर्णनले मात्र नहुने हुदा शिक्षण सिकाई गर्दा सकेसम्म स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनलाई अधिकतम प्रयोग गर्दा शिक्षण प्रभावकारी स्थायी, सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरि सृजनात्मक प्रतिभाको विकास हुने गर्दछ । शिक्षण सिकाईमा प्रयोग हुने सामग्रीहरुलाई निम्नानुसार वर्गीकरण गरिएको छ । स्थानीय स्तरमा पाइने सामग्रीहरुमा ऐतिहासिक स्मारक, स्थलहरु कलकारखाना, मन्दिर, सरकारी कार्यलयहरु, वनजंगल र दैनिक जीवनका प्राकृतिक तथा मानविय घटनाहरु पर्दछन् । आधारभुत तथा छापाका सामग्रीहरुमा पाठ्यक्रम, पाढ्यपुस्तक र सन्दर्भ सामग्री, कक्षाकोठा सामग्रीहरुमा :- चक, डस्टर, नक्सा, कालोपाटी, चार्ट, तस्विर, श्रवयदृश्य सामग्रीमा : सिनेमा, टेपरेकडर, टि.भि., रेडियो पुरक सामग्रीमा पकेट चार्ट, चित्रहरु तथा नमुनाहरुमा निर्माण सामग्री  तथा साधनहरु अन्तर्गत रङ्ग, कागज, व्रस, कपडा, छाला, काठ, किलो विभिन्न थरीका माटो, ढुङ्गा आदी पर्दछन् । (शर्मा, २०६७) ।

शिक्षण एउटा कला हो । शिक्षक ले आफू सँग भएको ज्ञान सिपलाई जसरी एउटा कलाकारले आफ्नो  कलाद्वारा अरुलाई मनोरञ्जन प्रदान गर्दछन । त्यसैगरी शिक्षकले पनि विभिन्न कला ( हाउभाउ , अभिनय ) द्वारा शैक्षिक सामाग्रीको प्रयोग उचित समयमा गरी सिकाईमा ती ज्ञान सिप धारणा स्थानान्तरण गर्न सफल हुन्छ । यसको लागि नविनतम

बैज्ञानिक प्रविधिको उपयोग गर्नु पर्दछ । विश्वव्यापीकरणको वर्तमान समयमा प्रयोग गरिने सामग्री अत्याधुनिक बनाउन जोड दिनुपर्दछ । कक्षाकोठा को प्रस्तुतीकरणमा शब्दमात्रको प्रयोगले भन्दा श्रव्यदृश्यात्मक शैक्षिक सामाग्रीको प्रयोग कलिला बालबालिका को लागि बढी रुचीकार हुन्छ । सामान्य तथा उच्च शिक्षाका उपाधिप्राप्त व्यक्तिहरु व्याख्यान विधिमा अभ्यस्त हुनाले उनीहरु विद्यालयमा पनि यस विधिलाई सहज ठान्दछन् । कक्षामा शिक्षण गर्न सहजै सकिन्छ भन्ने धारण राख्दछन् । तर खास गरेर विद्यालय तहमा वक्ता र स्रोतको रुपमा गरिने कार्य आज आफैमा सिद्ध भईसकेको कुरा अध्ययन अनुसन्धान कर्ताले देखाएका छन् । शिक्षण सिकाई अलग अलग धार हुन् तथापी यी दुई बीच अन्योन्याश्रीत सम्बन्ध अवश्य पनि छ । एउटा लाई अर्को बाट अलग गर्न खोज्दा तीनको अस्तित्वमा नै प्रश्न चिन्ह खडा हुन सक्छ । किन कि शिक्षण कलाबाट नै सिकाई हुन्छ । सिकाई प्रक्रियाले शिक्षणमा सघाउ पुऱ्याउँछ , ( सापकोटा २०६२ ) ।

शिक्षण ज्यादै जटिल र चुनौती पूर्ण कार्य हो । त्यसैले शिक्षकहरुमा उच्च ज्ञान , सिप कौशल , शिक्षण सामाग्री हरुको निमाण र प्रयोग गर्ने क्षमता , अध्ययन शिलता नयाँ नया प्रविधिको प्रयोग गर्ने क्षमता हुन .जरुरी छ । त्यसको साथमा सहिष्णुता , धैर्य , परिश्रम गर्ने बानी र सेवाको भावना समेत हुनुपर्दछ । त्यसैले सरकार द्वारा लगानी गरेर प्रदान गरिएको र गर्न लागिएको तालिम ले समग्र पक्षमा कति योगदान पूऱ्याउन सक्दछ भन्ने कुरा विचरणीय हुन्छ । शिक्षा सम्बन्धी उच्च स्तरिय कार्य समितिको प्रतिवेदन (२०५८ ) अनुसार शिक्षाको गुणस्तर अझ पनि उकासिन नसक्नुमा विभिन्न तत्वहरु मध्ये योग्य, सक्षम तालिम प्राप्त एंव काम प्रति झुकाव भएको शिक्षक हरुको कमि हुनु पनि एक हो ,NCED, 2001) ।

शैक्षिक सामग्रीले सिकाईलाई सहज र सजिलो बनाउछ । शैक्षिक सामग्री प्रयोग गर्नाले शिक्षकलाई पनि सिकाउन/शिक्षण गर्न सजिलो हुन्छ । भने विद्यार्थीहरुले पनि सजिलै सँग सिक्न सक्दछन् । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य अनुरुपको विषयबस्तु र विषयवस्तु

अनुसारको शैक्षिक सामग्री आवश्यकता पर्दछ । शैक्षिक सामग्री बिषयवस्तु र स्थानीय परिवेश अनुसार फरक-फरक हुन सक्दछन् । शैक्षिक सामग्री भन्नाले धेरै जसो मानिसहरुले पैसा लगाएर बजारमा किन्नुपर्ने बस्तुलाई मात्र बुझ्ने गरेको देखिन्छ । बिषयवस्तुको प्रकृतिलाई हेरेर धेरै जसो शैक्षिक सामग्री स्थानीय स्तरमा नै बिना मुल्य पनि संकलन वा निर्माण पनि गर्न सकिन्छ । यसका लागी शिक्षक भने सक्रिय हुन जरुरी छ ।

विषयवस्तुको स्वरुप अनुसार शैक्षिक सामग्रीको छनोट र निर्माण गर्न सक्नु नै प्रभावकारी शिक्षणको पहिलो लक्षण हो । विषयबस्तुको उद्देश्य वा सन्देश एकातिर र शैक्षिक सामग्रीको प्रयोग अर्कोतिर भएमा त्यस्ता शैक्षिक सामग्रीको प्रयोग झन् हानिकारक हुनसक्छ । शैक्षिक सामग्री छनोटका विभिन्न आधार एवं सिद्धान्तहरु छन् ।  त्यस्तै शैक्षिक सामग्रीलाई ४ भागमा विभाजन गरिएको छ । श्रव्य सामग्री अन्तर्गत :- रेडियो, टेलिफोन, डिस्क, टेपरेकड आदि पर्दछ । दृश्य सामग्री अर्न्तगत नक्सा, चार्ट, ग्लोब, चित्र, ग्राफ,आदि पर्दछ । श्रव्यदृश्य सामग्री अन्तर्गत :- सिनेमा, भिडियो, टि.भि., नाटक, कम्प्युटर आदि पर्दछ र त्यस्तै मुद्रित सामग्री अन्तर्गत :- पुस्तक, पत्रपत्रिका, शिक्षक निर्देशिका आदि पर्दछन् ।

मन्टेश्वरी कक्षामा बालबालिकाहरुलाई शिक्षण गर्दा श्रव्य र मुद्रित सामग्री भन्दा स्थानीय स्तरमा सर्वसुलभ रुपमा उपलब्ध हुने शैक्षिक सामग्री नै बढी प्रभावकारी हुन्छ । यसै मान्यतालाई अवलम्बन गरी शिक्षण सिकाई प्रक्रियामा शैक्षिक सामग्रीको प्रयोग विभिन्न अनुसन्धान वार्ताद्धारा गरेता पनि मन्टेश्वरी कक्षामा स्थानीय शैक्षिक सामग्रीको प्रयोग बारे अध्ययन नभएको हुदा यस कक्षामा नै मेरो अध्ययन केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

आजको विश्वमा मन्टेश्वरी शिक्षाको अति नै महत्व रहेको छ । हरेक बालबालिकाहरुले मनोरञ्जनात्मक बाताबरणमा शिक्षा प्राप्त गर्ने पाउनु बालअधिकार हो । शिक्षालाई दिगो र रुचीकर बनाउन विभिन्न शिक्षण विधिहरु अपनाउनका साथै स्थानीय शैक्षिक सामग्रीहरुको प्रयोगले शिक्षणलाई मनोरञ्जनात्मक बनाउछ । मन्टेश्वरी शिक्षा शैक्षिक संस्थाको पहिलो

तह हो । यस तहमा विभिन्न रुपले लगानि गरिएको हुन्छ । हाम्रो देशमा बालबालिकाहरुको चौतर्फी विकास गर्न गरिएको लगानि मन्टेश्वरी तहको कक्षामा विभिन्न शैक्षिक सामग्री खरिद गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने प्रयत्न गरेता पनि सन्तोषजनक उपलब्धी हात पार्न नसकिरहेको अवस्था छ । यो अवस्था किन भएको हो ? तालिम प्राप्त शिक्षक शिक्षीका, योग्य सक्षम अनुभवि शिक्षकको कमि छ कि ? शैक्षिक सामग्रीहरुको प्रयोग प्रभावकारिता नभएर पो हो कि ? स्थानीय रुपमा उपलब्ध स्रोत साधनबाट शैक्षिक सामग्रीको निर्माणमा कमि पो हो कि ? शिक्षकमा नै यस सम्बन्धमा अभिरुचिहरु छैन की ? मन्टेश्वरीले प्रर्याप्त मात्रामा शैक्षिक सामग्रीको परिपुर्ति गर्न नसक्नुको कारणले त होइन ? यी र यस्तै विषयबस्तुलाई समेटेर अध्ययनको बिषयवस्तु बनाइएको छ ।

समस्याको कथनले मन्टेश्वरी तहको शिक्षण सिकाइमा स्थानीय शैक्षिक सामग्रीहरु विषयवस्तुको स्वरुप प्रकृति अनुसार प्रयोगमा ल्याउनुपर्ने कुरालाई जोड दिएको छ । स्थानीय स्तरमा प्राप्त गर्न सकिने साधनको खोजी गरी सैद्धान्तिक व्यवहारिक ज्ञान दिने उद्देश्य राखी यस अध्ययनलाई अगाडी बढाइएको छ । मन्टेश्वरी तहको सिकाइमा गरिएको मौखिक बर्णनमा सिमित सिकाई रुचिकर नभएको जस्ता धेरै जिज्ञासाहरु मन्टेश्वरी तहको शिक्षणमा केन्द्रित छ । मन्टेश्वरी तहमा पाठ्यक्रमको बिषयवस्तुलाई प्रयोगमा ल्याउन शिक्षकले स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनलाई अधिकतम प्रयोग गर्न सकिन्छ । त्यसकारण अपेक्षित उद्देश्य पुरा गर्न उपलब्धि न्युन भएको कारण पत्ता लगाउन, स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको अवस्था थाहा पाउन, स्रोत र साधनहरुलाइ शिक्षण सिकाई क्रियाकलापमा प्रयोगमा ल्याउन अपनाइने समस्याको समाधानको उपायहरु पत्ता लगाउन र यस्ता महत्वपुर्ण उत्तर खोज्नका लागी यसलाई समस्याको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

आजका बालबालिका भनेको भोली भविष्यका कर्णधार हुन् । भन्ने कुरा सर्वसम्मत रुपमा सबैलाई स्वीकार योग्य कुरा हो । उनीहरुको व्यक्तित्व विकास राम्रो हुन नसके त्यसले

भोलिका दिनमा घर, परिवार, छरछिमेक हुदै सिङ्गो राष्ट्रलाई नै असर गर्दछ । मन्टेश्वरी शिक्षा भनेको २-६ बर्ष उमेर समुहका बालबालिकाहरुलाई रमाइलो बातावरणमा स्वस्थ्य आहारका साथै उनिहरुलाई गरेर सिक्ने वातावरणमा सर्वाङ्गिन विकास गराउने शिक्षा हो । मन्टेश्वरी तहमा मन्टेश्वरीले धेरै लगानी गरिएता पनि नेपालको सन्दर्भमा उत्साह जनक प्रगति नभएको देखिन्छ । उमेर पुगेका बालबालिकालाई नियमित आउने बातावरण तयार गर्न स्थानीय शैक्षिक सामग्री प्रयोग छिटो, दिगो र आकर्षक हुनु पर्दछ । कलिला बालबालिकाको रुचि र आवश्यकतालाई ध्यानमा राखी स्थानीय स्तरमा प्राप्त सामग्रीहरुको प्रयोग गर्नुपर्दछ । जसले कक्षा शिक्षणमा विधार्थीहरुको अभिरुचि पैदा गर्न सहयोग गर्नुका साथै कक्षा सञ्चालन गर्दा शैक्षिक सामग्रीको उचित ध्यानाकर्षण गराउन शैक्षिक सामग्रीको प्रयोगले पार्न प्रभावबारे जानकारी लिन, स्थानिय स्तरमा उपलब्ध सामग्रीको प्रयोगबाट सिकाई अर्थपुर्ण हुने गर्दछ ।

मन्टेश्वरी तहमा प्रयोग गरीने सामग्री स्थानीय स्तरबाट प्राप्त गर्दा आर्थिक भारको कमी हुनुका साथै मन्टेश्वरी कक्षा शिक्षण गर्दा के-कस्ता सामग्रीहरुको प्रयोग कसरी भएको छन् । उक्त सामग्रीहरुले बालबालिकाहरुमा कस्तो प्रभाव पारेका छ, आदी पक्षहरुको जानकारी गर्न सहयोग गर्दछ । स्थानीय स्तरमा उपलब्ध स्रोत साधनलाई संरक्षण गरी मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षीक सामग्रीको अध्ययन अनुसन्धान गर्नु साथै मन्टेश्वरी कक्षामा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्दा देखापरेका समस्याहरु पहिचान गरी समस्याको समाधान गर्नको लागी थप सहयोग गर्न अध्ययन औचीत्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

१) मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको बर्तमान अवस्था पहिचान गर्नु ।

२) मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु ।

३) मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरुको पत्ता लगाउनु ।

४) मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरुको समाधानका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

यस अध्ययनका निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् ।

१) मन्टेश्वरी कक्षामा स्थानीय शैक्षिक सामग्रीहरुको प्रयोगको अवस्था कस्तो छ ?

२) मन्टेश्वरी कक्षा शिक्षण गर्दा के-कस्ता स्थानीय शैक्षिक सामग्रीको प्रयोग हुन सक्दछन् ?

३) गुणस्तर वृद्धि गर्न स्थानीय शैक्षिक सामग्रीले कस्तो प्रभाव पारेको छ ?

४) मन्टेश्वरी कक्षा शिक्षणमा कस्ता समस्याहरु देखिन सक्छन् ?

५) मन्टेश्वरी कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गर्दा भेटिने समस्याका समाधानका उपायहरु के-के हुन सक्छन् ?

## १.६ अध्ययनका परिसिमाहरु

कुनै पनि अध्ययन अनुसन्धानलाई उद्देश्यअनुसार लक्ष्यमा पुग्नका लागी सो अध्ययन अनुसन्धानलाई निश्चित सिमामा सिमाङ्कन गरिन आवश्यक रहन्छ । मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग नामक शिर्षक चयन गरी गरीएको यस अध्ययन अनुसन्धानलाई चितवन जिल्ला भरतपुर महानगरपालीकामा सञ्चालीत ३ वटा मन्टेश्वरीहरुलाई छनोट गरिएको छ । यस अध्ययनमा उक्त ३ वटा मन्टेश्वरीहरुले प्रयोग गरेका स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोग सम्बन्धि बिश्लेषण गरिएको छ । छनोट गरिएका प्रत्येक मन्टेश्वरीहरुमा सामान्य सम्भावना युक्त नमुना छनोट विधिका आधारमा

प्रत्येक मन्टेश्वरीको सञ्चालक, शिक्षिका, अभिभावक, विद्यार्थी र आयासँग प्रत्येक्ष अन्तरवार्ता, प्रश्नावली एवम् कक्षा अवलोकलको माध्यमबाट गरिएको छ ।

ति मन्टेश्वरीहरु क्रमशः नारायणी किड्सजोन मन्टेश्वरी पार्वतीपुर-२१, चितवन, किड्स टाउन मन्टेश्वरी टाउन-२२ चितवन, ओमशान्ति बालबाटिका मन्टेश्वरी कृष्णचोक-२३ चितवन आदि । यस अध्ययन अनुसन्धानमा मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाहरुको सिकाईमा ल्याउन सकिने परिवर्तन पत्ता लगाउने प्रयास गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

शिक्षालाई मनोरञ्जनात्मक र प्रभावकारी बनाउनको लागी शैक्षिक सामग्रीको महत्वपुर्ण भुमिका रहेको हुन्छ । स्थानीय स्तरमा उपलब्ध हुने स्थानीय स्तरमा खेर गइरहेका सामग्रीहरुको संकलनबाट तयार पारिएको सामग्रीहरुलाई नै स्थानीय शैक्षिक सामग्री भनिन्छ । हाम्रो जस्तो विकासोन्मुख देश जहा आर्थिक अभाव हरेक क्षेत्रमा भइरहन्छ, त्यसमा पनि शिक्षा क्षेत्रमा आर्थिक संकट भएको अवस्थामा विभिन्न विषयबस्तुलाई समेट्ने खालका स्थानीय स्तरमा उपलब्ध सामग्रीहरुबाट शैक्षिक सामग्रीको निर्माण गरी शिक्षण सिकाइलाई दिगो बनाउन सकिने भएकोले मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग शीर्षकमा आधारित भएर यो अध्ययन तयार पारीएको छ । यस अध्ययनलाई गुणात्मक र प्रभावकारी बनाउने उद्देश्यले शिक्षाविद्, विद्धान र अनुसन्धान कर्ताका विचार, लेख, रचना र सुझावहरुलाई विभिन्न पत्र-पत्रिका, पुस्तकहरुबाट पुनरावलोकन गरिनुका साथै अध्ययन अनुसन्धानसँग सम्वन्धित सैद्धान्तिक खाका चयन गरीएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

बालबालिकाहरुको २ बर्ष देखि ६ बर्ष सम्मको उमेरलाई मन्टेश्वरी उमेर भनिन्छ । यस उमेरका बालबालिकाहरु बढी समुहमा खेल्न मन पराउने उमेर भएकोले र अरुको नक्कल जस्ताको तस्तै गर्ने उमेर भएकोले यसलाई खेलौना र नक्कल गर्ने उमेर पनि भनिन्छ । यस उमेरलाई सामाजिकरण अवस्थाको उमेर मानिने भएकोले मानव विकासको क्रममा यो अवस्थालाई वा मन्टेश्वरी जाने बालबालिकाहरुको उमेरको अवस्थालाई ज्यादै महत्वपुर्ण मानिन्छ । यस उमेरका बालबालिकाहरुले समाजमा घुलमील हुनकालागी धेरै कुराहरु सिक्ने गर्दछन् । (शर्मा एण्ड शर्मा, २०६७ )

बालबालिकाहरुको पहिलो पाठशाला घर हो, भने पहिलो शिक्षक/गुरु उसको परिवार हो । मन्टेश्वरी तहका बालबालिकाहरु आफ्नो धेरै समय घर परिवारमा बिताउने गर्दछन् । त्यसैले आमाबाबुलाई केटाकेटीका अभिभावकका साथै संरक्षकको रुपमा पनि लिने गरिन्छ । मानव विकास र वृद्धिका क्रममा हुनुपर्ने सकारात्मक विकासको जिम्मेवार आमाबावु नै हुने गर्दछन् । अर्थात् आफ्ना केटाकेटिहरुलाई कस्तो शिक्षा दिने देखि लिएर अनुशासन, नैतिकताका व्यवहार, गुणी, स्वाभलम्बी, सामाजीक दायित्व, हाम्रो संस्कृति आदीलाई कसरी जगेर्ना गर्ने जस्ता कुराहरु सिकाई राम्रो व्यक्तित्वको विकास गराउने सम्मको दायित्व आमाबावुको हुन्छ । जब बालबालिकाहरु मन्टेश्वरी जाने गर्दछन् । त्यस बेलादेखी केटाकेटिका सरसफाई, संरसंगत, खानपिन, अनुशासन, रहनसहन, नैतिकता , बातावरण लगायत सम्पुर्ण कुराहरुको शिक्षा दिने दायित्व शिक्षकको मानिन्छ । अर्को शब्दमा भन्नुपर्दा जन्मदिने आमाबावुले गरेका हुन्छन् भने कर्म दिने काम शिक्षकले गरेको हुन्छ । त्यसैले भन्ने गरिन्छ बालबालिकाको पहिलो संरक्षक आमाबावु र शिक्षक नै हुन् । मन्टेश्वरी उमेरका बालबालिकाको बिकासमा बालबालिकाको स्वास्थ्यप्रति ध्यान दिने, दृर्घटनाहुनबाट बचाउने, लिङ्गीय भेदभाव नगर्ने र आत्माधारणलाई कमजोर बन्न नदिने जस्ता कार्यहरु अभिभावक र शिक्षकले गर्नुपर्दछ । (शर्मा एण्ड शर्मा, २०६१)

मन्टेश्वरी तहको शिक्षा नै जीवनको जग हो । त्यसैले मन्टेश्वरी कक्षामा अध्ययन गर्ने बालबालिकाहरुलाई सजाय दिनु हुदैन । किनभने उनिहरुले जानाजान गल्ति गरेका हुदैनन् । प्रकृतिले आफ्नो तरिकाले शिशुको विकास गरिरहेको हुन्छ । मन्टेश्वरी कक्षा शिक्षण गर्दा सुरुमा नै विषयवस्तु सिकाउनु हुदैन । कक्षा शिक्षण गर्दा विषयवस्तु सँग सम्बन्धित पक्षहरुलाई ध्यानमा राखी सामान्य रुपमा हामीहरुले हाम्रो वरपर रहेका वस्तुहरुलाई शैक्षिक सामग्रीको रुपमा प्रयोग गरी विषयवस्तु तर्फ प्रवेश गर्नुपर्दछ । कक्षा शिक्षण गर्दा उनीहरु आफैलाई हरेक अभ्यास गर्ने प्रयास गर्न छाडी दिनु पर्दछ । जसले गर्दा उनीहरुमा गरेर सिक्ने बानीको विकास हुन्छ । जस्तै : मन्टेश्वरी कक्षामा विज्ञान विषयलाई सिकाउनु भन्दा पहिले विज्ञान विषयसँग सम्बन्धित उस्को वरपर रहेका ढुङ्गा माटो, वनजंगल, जीवजन्तु,

पशुपन्छी, खोलानाला आदीका सहायताले सम्बन्धित विषयवस्तु पढाउनु पर्दछ । मन्टेश्वरी तहको शिक्षणमा स्थानीय स्रोत र साधनको प्रयोगबाट नै स्तरीय सिकाई हुन सक्दछ । ( रुसो , २०६२)।

बालकले स्वतन्त्र बातावरणमा आफ्नै प्रयासबाट शिक्षा प्राप्त गर्दछन् । जसमा पौढहरुको कडा अनुशासन तथा दबाबको आवश्यकता पर्दैन । शिक्षालाई किताबका पाना र विधालयको चार पर्खाल भित्र खुम्चाएर राख्नु हुदैन । उनका अनुसार किताबहरु जलाउन, पर्खालहरु भत्काउने बालकलाई प्रकृतिमा नै छाडीदिनु पर्दछ । प्रत्येक बालक आफैमा एउटा पुस्तक हो । जसलाई शिक्षकले एक-एक पानाको अध्ययन गर्नु पर्दछ । (बाग्ले २०५८)

केटाकेटीहरुलाई बाल्यकाल देखि नै सफलताकालागी तयार गर्न आवश्यक छ । हाम्रो शिक्षा सुधार एजेण्डाको पहिलो स्तम्भ यहि हो । दोश्रो हामीले हाम्रो मन्टेश्वरीमा अझ राम्रो मापदण्ड र मुल्यांकन प्रणली स्थापना गरेर अझ गुणस्तरिय शिक्षा दिने क्षमता हासिल गर्नु छ । यसमा केटाकेटिहरुलाई कसरी शिक्षित बनाउने भन्नेकुरामा अभिभावकको रुपमा आँफैलाई अझ बढी उत्तरदायित्व नबनाए सम्म कुनै योजनाहरुले केहि फरक पार्ने छैन । शिक्षा केबल अबसर र सफलताको लागी साहायक हुने अतिरिक्त योग्यताको कुरा मात्र होइन प्राय सबै किसिमका अबसर पाउनका लागी चाहिने आधारभुत आवश्यकता बन्न पुगेको छ । देशको भविष्य नै शिक्षकमा निर्भर छ । तसर्थ शिक्षकले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन समुदाय बातावरण र स्थानीय शैक्षिक सामग्रीको खोजी पहिचान र प्रयोगलाई जोड दिएमा बालबालिकहरुमा पढाइ प्रति जिज्ञासा बढ्ने, गुणस्तरमा बृद्धि हुने र आधुनिक युगमा प्राविधिक मानव संसाधानको उत्पादन गर्न सकिने कुरामा दुइमत छैन । ( ओमा, २००९) ।

मन्टेश्वरी तहका बालबलिकाको व्यवहारिक जीवन सँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयको शिक्षणलाई शिक्षकबाट गरिने व्याख्यात्मक प्रस्तुतिले निरस र अर्थहिन गराउँछ । त्यसैले मन्टेश्वरी तहका बालबालिकाहरको शिक्षणमा उनिहरुको बातावरणमा उपलब्ध गर्न सकिने

स्थानीय शैक्षिक सामग्री प्रयोगले कुनै पनि बिषयको सिकाई प्रति बिद्यार्थीको अभिरुचि वृद्धि गर्दछ, भन्ने धारण व्यक्त गरेको पाइन्छ । विषयगत शिक्षणको क्रममा सामाजिक शिक्षण गर्दा शिक्षकले सामाजिक अध्ययनका विभिन्न समविष्ट विषयगत कठिन धारणाहरुलाई प्रष्ट पार्दछ । भने पाठ प्रस्तुतिलाई रोचक र आकर्षक बनाउन मद्धत पुऱ्याउँछ । स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरुको प्रयोगबाट सिकाई दिगो र अर्थपुर्ण हुनमा मदत पुग्दछ । सामाजिक अध्ययनमा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरुलाई विभिन्न प्रकारबाट उल्लेख गर्न सकिन्छ । बातावरणमा पाइने शैक्षिक सामग्रीहरु ढुङ्गा, माटो, नदी, पहाड, वनस्पति आदी मानव निर्मीत स्थानीय स्रोत सामग्रीहरु अस्पताल, हुलाक, चर्च, गुम्बा, मेला, पर्व, मन्दिर, आदि । बजारमा किन्न सकिने सामग्रीहरु तस्बीर ग्लोब, नक्सा, आदि शिक्षकबाट बनाउन सकिने सामग्रीहरु चित्र, ग्राफ, चार्ट आदि र विद्यार्थीलाई बनाउन लगाउने सकिने सामग्री आदि । ( गिरि र अन्य, २०६५)

शिक्षाको समग्र दायित्व समुदाय, विधार्थी र शिक्षामा विकेन्द्रिकरण गरिएको छ । विभेदकारी सामाजिक संरचनाको सुधारबाटै शैक्षिक प्रक्रिया समतामुलक तथा समावेशी हुनसक्छ । भन्ने धारणाको विकास भएको छ । साथै शैक्षिक प्रक्रियालाई आम नागरिक तथा बालबालिकाको दैनिक जीवनसँग सम्बन्धित राख्दै स्थानीय साधन स्रोत, स्थानीय ज्ञान तथा विश्वज्ञानको समायोजन गरी अन्तरक्रिया स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नु पनि गुणस्तरीय तथा उपलब्धि मुलक बनाउनु शिक्षाको मुल उद्देश्य हो । ( आचार्य, २०६५ )

कक्षा शिक्षणमा स्थानीय स्रोत र साधनको प्रयोगले मन्टेश्वरी तहमा अध्ययनरत विद्यार्थीहरुको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । यसै सन्दर्भमा घर नै प्रयोगशाला शीर्षकमा उहाँको भनाई छ : अनुसन्धान गर्न ठुलो बिषय र क्षेत्र चाहिदैन । जस्तै घरमा भात पकाउदाको स्थिती हेर्नुहोस् त्यहाँ अध्ययन अनुसन्धान गर्ने धेरै बिषय छ । त्यहाँ बिज्ञान छ ? त्यहाँ तापक्रम छ, तापक्रमले ल्याउने रासायनिक एवम् भौतिक परिवर्तन छ तथा अवस्थाको रुपान्तरण छ । दाउरा बालेर अंगार र खरानी हुनु रासायनिक परिबर्तन

हो । पानी बाफ बनेर उडिरहेको हुन्छ । त्यो भौतिक परिवर्तनको अवस्था हो । पानी र चामल मिलेर भात बनिरहेको हुन्छ । त्यही चुलोमा अर्थशास्त्र पनि छ । दाउराको मुल्य खानाको मुल्य परिवारको बजेट छ । त्यहाँ संगीत छ, बुझ्न सक्नु पर्‍यो । त्यसैले सबै साधन र सामग्री स्थानीय  स्तरमा नै उपलब्ध हुन सक्छ  र शिक्षण सिकाइ क्रियाकलाप पनि प्रभावकारी हुन सक्छ । (उपाध्याय, २०६६)

स्थानीय स्तरका प्राकृतिक स्रोत र साधनहरु स्थानीय समुदायका अपार सम्पत्ति हुन् । बिशेष गरी स्थानीय स्तरमा आयआर्जनमा यिनिहरुको महत्वपुर्ण भुमिका रहन्छ । जस्तो वन जंगलका काठ, दाउरा, जडिबुट्टि बाट प्रशस्त आम्दानी गर्न सकिन्छ र प्राप्त आम्दानीबाट स्थानीय स्तरको विकास निर्माण वा अन्य कुनै कार्यमा सदुपयोग गर्न सकिन्छ । त्यस्तै प्रत्येक्ष रुपले प्राकृतिक स्रोत, साधन (हावा, पानि, बातावरण ) ले हाम्रो जीवनलाई जीवन्त बनाइ राखेका हुन्छन् । स्थानीय सरकारद्धारा स्थानीय स्रोत र साधनको सदुपयोगको अधिकार र स्थानीय जनताको हुन्छ ।  स्रोत र साधनको उपयोग गर्ने पहिलो अधिकार स्थानीय समुदायको हुन्छ । समुदायका स्रोत र साधनको अन्य कसैले प्रयोग गर्दा त्यस बापत समुदायले लाभ पाउनु पर्दछ । कुनै समुदायले स्रोत र साधन माथिको अधिकार मेरो मात्र हो भनेर दाबी गर्न मिल्दैन । स्थानीय प्राकृतिक स्रोत र साधनको संरक्षण र उपयोग गर्दा बातावरणको संरक्षणमा सहयोगी हुनुपर्दछ । स्थानीय स्तरमा परम्परागत रुपमा प्राकृतिक साधन स्रोतमा भर परेका समुदायहरु पनि छन् । स्थानीय स्रोत र साधनको विकास समबर्द्धन र संरक्षण एवम् उपयोगमा स्थानीय समुदाय नागरिकको महत्व  निकै छ । त्यसैले स्थानीय स्रोत र साधनको प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन र दिगो बनाउन सकिन्छ । ( नागरिक जनचेतना सहभागिता अभियान, २०६६)

हाम्रा मन्टेश्वरीहरुमा आवश्यकता अनुसार बालबालिकाहरुको प्रवृतिलाई ध्यान दिई शिक्षण गर्ने शिक्षिकाहरुको कमिको कारण मन्टेश्वरी शिक्षाले कक्षामा शिक्षण गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न सकेका छैनन् । शिक्षण सिकाईमा अपेक्षित उपलब्धि प्राप्त नहुनुको मुख्य कारण बालमैत्री तथा बालकेन्द्रित शिक्षण नहुनु हो । शिक्षालाई बालमैत्री तथा बालकेन्द्रित

बनाउन बालबालिकाका चाहाना तथा शैक्षिक सामग्री, शिक्षण विधि तथा मुल्यांकन पद्धति निर्माण गरी कार्यान्वयन गरिनु पर्दछ । विधालयमा उचित प्रकारका शैक्षिक सामग्रीको प्रयोग गरेर श्रव्य तथा दृश्यात्मक सामग्रीको प्रयोगबाट अध्यापन हुन सकेका खण्डमा सिकाइ थप प्रभावकारी हुनुका साथै विद्यार्थी केन्द्रित बातावरण निर्माणमा समेत सहयोग पुग्दछ । ( शर्मा, २०१३ ) ।

शैक्षिक सामग्री भन्ने वित्तिकै शिक्षकले बिधार्थीलाई अध्यापन गर्नका लागी आवश्यक सामग्री भन्ने बुझिन्छ । शिक्षकले कक्षाकोठामा प्रवेश गर्दा खालि हात प्रवेश गरेका खण्डमा सिकारुले केवल प्रवचन विधिका माध्यमबाट सुन्ने काम मात्र गरि रहन्छ । यसबाट सिकाइ प्रक्रिया औपचारिक रुपमा सम्पन्न भए पनि व्यवहारिक ज्ञान प्राप्त हुन नसक्नुका कारण साथै प्रभावकारी सिकाइ हुन सक्दैन । बालबालिकाहरु पनि कक्षामा बस्न नमान्ने, गृहकार्य नगर्ने, विद्यालय नियमित नहुने जस्ता विविध समस्याहरु सृजना हुन सक्दछन् । यस्ता समस्याहरु निराकरण गर्नका लागी बिद्यार्थी केन्द्रित विधिको उपयोग गरेर अध्यापन गर्नु अति आवश्यक रहन्छ । मन्टेश्वरीमा विद्यार्थी/बालकेन्द्रित विधिको उपयोग प्रमुख पाटो भनेको शैक्षिक व्यवस्थापनलाई लिन सकिन्छ । बालबालिकाले प्रयोग गर्ने किताब, कापी देखि लिएर शिक्षकले शिक्षण गर्दा प्रयोग गर्ने शैक्षिक सामग्रीको प्रयोगले बिधार्थी केन्द्रित विधिबाट शिक्षण गर्नका लागी महत्वपुर्ण भुमिका निर्वाह गर्न सक्दछ । विधार्थीका भावना अनुसार शिक्षण हुन सकेको खण्डमा नै उपलब्धि पनि अपेक्षीत हुन सक्दछ । ( बस्नेत, २०७३) ।

बालबालिकाहरुमा शिक्षण सिकाई अर्थ पूर्ण बनाउन मौखिक वर्णनले मात्र नहुने हुदाँ शिक्षण सिकाई गर्दा सकेसम्म स्थानिय स्तरमा उपलब्ध स्रोत र साधनलाई अधिकतम रुपमा प्रयोग गर्दा शिक्षण सिकाइ प्रभावकारी स्थायी, सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरी सृजनात्मक प्रतिभाको विकास हुने गर्दछ । शिक्षण सिकाईमा प्रयोग हुने सामाग्रीहरुलाई स्थानिय स्तरमा पाइने सामग्रीहरु : ऐतिहासिक स्मारक , स्थलहरु कलकारखाना मन्दिर सरकारी कार्यलयहरु वनजगल र दैनिक जीवन का प्राकृतिक तथा मानविय घटना हरु आदि पर्दछन । आधारभूत

तथा छापाका सामग्रीहरु : पाठ्यक्रम, पाठ्यपुस्तक र सर्न्दभ सामाग्री । कक्षा कोठा सामग्री : चक डस्टर , नक्सा , पाटी चार्ट , तस्वीर , श्रव्यदृश्य सामाग्री : ( सिनेमा टेपरेकर्डर , टि. भि . रेटियो । पूरक सामग्री : ( पकेट चार्ट चित्रहरु तथा नमुनाहरु । निर्माण सामाग्री तथा साधनहरु : यस अर्न्तगत रग, कागज, ब्रस, कपडा, छाला, काठ, किलो विभिन्न थरी माटो ढुङ्गा आदि गरी वर्गीकरण गरिएको पाइन्छ , ( शिक्षाको आधार , २०६०)

वर्तमान परिवेश अनुसार बाल मनोवैज्ञानिक ढंगबाट ज्ञान आर्जन गराउनका लागि शैक्षिक सामाग्री अपरिहार्य रहेको तथ्य प्रस्तुत गरिएको छ । साथै शैक्षिक सामाग्रीहरु प्रयोग गदो बजारबाट किनेर महंगा सामाग्री ल्याउदैमा सिकाई प्रभावकारी नहुने तथ्य प्राप्त भएको कुरा समेत शोधपत्रम विश्लेषण गरिएको छ । स्थानीय स्तरबाट स्रोत र साधनका प्रयोग गरेर पनि शैक्षिक सामाग्री निर्माण गर्न सकिने स्थानीय स्तरमा रहेका शैक्षिक सामाग्रीका प्रर्दशन बाट पनि प्रभावकारी ढंगबाट सिकाई गर्न सकिने कुरालाई शोधपत्रमा विश्लेषण गर्रिएको छ । आर्थिक अभाव शिक्षकमा तालिमको अभाव छलफल तथा अन्तर क्रियाको अभाव जस्ता विविध कुराहरु ले गर्दा शैक्षिक सामाग्रीको प्रयोग प्रभावकारी गराउन नसकेको भन्ने निष्कर्ष समेत प्रस्तुत गरिएको छ , ( आचार्य २०७० )

आधारभूत तथा प्राथमिक शिक्षा शिक्षण सिकाईका लागि पाठ्यक्रम सामाग्री : कुनै पनि सामाग्री प्रयोग हुन कम्तीमा दूई वटा अवस्था विघमान हुनु पर्दछ । पहिलो सामाग्री उवलब्ध हुनुपर्‍यो । वितरणको हिसावले (DOE , 2002 ) पाठ्यक्रम सामाग्रीहरु हरेक विद्यालयमा हुनुपर्ने हो तर कतिपय विद्यालय मा यी सामाग्रीहरु उपलब्ध छैनन् । शिक्षक निर्देशिका ९, १० वर्ष अगाडी विद्यालयहरुलाई उपलब्ध गराइएको हो । तापनि समय तथा पुस्तकको भौतिक आयुको कारणले कतिपय विद्यालयहरुमा शिक्षक निर्देशिका अहिले उपलब्ध नभएको हुनसक्छ । तर सामग्रीहरु उपलब्ध भएमा विद्यालयहरुमा पनि कतिपय सामाग्री वेवास्ता गरेर थन्काइएको वा यत्र, तत्र फालिएको पाइन्छन , ( सिहं २०६० )

शिक्षण कलाका प्रभावकारी तत्व शैक्षिक सामाग्री को प्रर्दशन र यसको उचित प्रयोग हो । शैक्षिक सामाग्री को प्रर्दशन र प्रयोग अनि शिक्षण सिकाई क्रियाकलाप बीच अन्योन्याश्रित सम्बन्ध छ । तर्सथ शैक्षिक सामाग्री को प्रयोजन उचित समयमा उचित किसिमले गर्न सकेमा मात्र शिक्षण सिकाई प्रभावकारी हुनाले यसबाट गुणस्तरिय शिक्षाको अपेक्षा राख्न सकिन्छ । पाठको उद्देश्य प्राप्तीमा सघाउ पुऱ्याउन शैक्षिक सामाग्री को संकलन , प्रयोग आदि सबै पक्षमा कलात्मक मनोवैज्ञानिक चिन्तन को उपयोग गर्नु पर्दछ । शैक्षिक सामाग्रीको निर्माण मूलत : सस्तो, शुलभ र स्थानीय स्रोतबाट प्राप्त हुने बस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनु पर्दछ । ताकी त्यसको प्रयोगबाट शिक्षण प्रभावकारी हुन सकोस् शैक्षिक सामाग्री रमाइलो मात्र नभई वालवालिकामा जिज्ञासा उत्पन्न गराउने तर खोजी गर्ने बानी बसाल्ने प्रवृतिको हुनुपर्दछ । शैक्षिक सामाग्री को प्रयोगले पाठलाई स्पष्ट गराउँछ । प्रस्तुत धारणालाई छर्लग पार्दछ । एउटा उपयूक्त चीत्रले हजारौ शब्दको ज्ञान गराई राखेको हुन्छ । कक्षा शिक्षणमा शब्दै शब्दको प्रयोग गरेर मुखैले मात्र शिक्षण गर्दा विषय वस्तुको प्रयोग भन्दा दृश्यत्मक शैक्षिक सामाग्री को प्रयोग बालबालिकाको हिसाब ले बढि रुचिकर हुन्छ । शैक्षिक सामाग्री को अभाव मा शिक्षकलाई शिक्षण गर्न कठिन हुने मात्र नभई बालबालिकाका लागि सिकाई अरुचिकार हुन्छ । उपयूक्त विषय वस्तुमा उपयूक्त शैक्षिक सामाग्री को प्रयोगबाट विषयको धारण स्पष्ट हुन्छ । उदाहारणको लागि िचित्र , नक्सा , नमुना मोडल को अवलोकन र सामाग्री निर्माण को रुपमा विद्यार्थी हरुले सामाग्री बनाइएमा शिक्षण ज्ञानवर्धक र अनुभवप्रद हुन सक्दछ । यसरी समुचित शिक्षण सामाग्रीको उचित मात्रामा प्रर्दशन र प्रयोग हुन सके शिक्षण अझै प्रभावकारी हुनुको साथै शिक्षाको राष्टिय उद्देश्यले गणस्तरिय शिक्षाको जुन अपेक्षा गरेको छ त्यो पूरा हुन सक्छ , ( पौडेल , २०५९ )

शैक्षिक सामाग्री सिकाइलाई सहज र सजिलो बनाउछँ । शैक्षिक सामाग्री प्रयोग गर्नाले शिक्षकालाई पनि सिकाउन सजिलो हुन्छ । भने विद्यार्थीले पनि सजिलै सँग सिक्न सक्छन । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य अनुरुप को विषय बस्तु र विषयबस्तु अनुसारको शैक्षिक

सामग्री आवश्यक पर्दछ । शैक्षिक सामाग्री विषयबस्तु र स्थानिय परिवेश अनुसार फरक फरक हुन सक्छन । शैक्षिक सामाग्री भन्नाले धेरैजसो मानिसहरुले पैसा लगाएर बजारमा किन्नुपर्ने वस्तुलाई मात्र बुझ्ने गरेको देखिन्छ । विषयवस्तुको प्रकृतिलाई हेरेर धेरैजसो शैक्षिक सामाग्री स्थानिय स्तरमा नै बिना मूल्य पनि सङ्कलन वा निर्माण पनि गर्न सकिन्छ । यसमा शिक्षक भने केही सक्रिय हुनु जरुरी छ ।

सामान्यतः शैक्षिक सामाग्रीहरुलाई ठोस वा वास्वविक बस्तुः मानिस वा औजार बाट नबनाई प्राकृतिक रुपमा नै उपलब्ध सामाग्री । जस्तै सून्तला नमुना : ठोस वस्तु नपाईने अवस्थामा वा प्रयोग गर्न नसकिने अवस्थामा नमूना बनाएर वा संकलन गरेर शैक्षिक सामाग्रीको रुपमा उययोग गर्नु । जस्तै : माटोले सुन्तलाको आकार बनाएर अवधारण दिनु । चित्र , तस्वीर : ठोस वस्तु र नमुना दुवै उपलब्ध नहुने अवस्थामा वस्तुको खिचिएको तस्विर वा बनाइएको चित्र शैक्षिक सामाग्रीको रुपमा प्रयोग गर्नु र अन्य : शैक्षिक सामाग्रीको रुपमा ठोस मोडेल, चित्र नै बढी उपयोगमा आउने भए पनि अन्य तरिका र माध्यम पनि उपयोगमा ल्याउन सकिन्छ । गरी ४ भागमा वर्गीकरण गर्न सकिन्छ । ( स्थानिय पाठ्यक्रम स्रोत सामग्री , (२०६७ ) ।

कालो पाटी (चक बोर्ड ) : कक्षा काठामा गरिने शिक्षण सिकाईलाई अर्थपूर्ण बनाउन नभई नहुने सामाग्रीहरु मध्ये कालोपाटी पनि एक हो । हाल अधिकांश विद्यालयहरुमा पाइने यो साधनको प्रयोग शिक्षकहरुबाट भएको पाइन्छ । तापनि यसलाई कसरी बनाउने ? प्रयोयग गर्ने ? आदि विषयमा भने हाम्रा कतिपय शिक्षकहरुमा अन्योलता पाइएइको यदाकदा देख्न सकिन्छ यसै सन्र्दभमा संक्षेपमा यस विषयमा प्रष्ट्याउन प्रयास गरिएको छ । उपयुक्त स्थानमा कालोपाटी राखेर शिक्षण गरेको पाइन्छ । तापनि खासगरि कक्षा कोठामा विद्यार्थीको अगाडि राख्नुपर्दछ । यसैगरी विद्याथीहरु सबैले देख्ने पनि हुनुपर्दछ । विद्यार्थीको आँखामा सतह मिल्ने गरी बीचमा राख्नुपर्दछ । लेखिएको विषयवस्तु नदेखिने गरी छायाँ परेको ठाउँमा टल्कने गरी राख्नु हुदैन । कालो पाटी राख्दा वा बनाउँदा ध्यान पुऱ्याइएमा दिन खोजिएको सन्देश सहजै विद्यार्थी समक्ष पुग्न सक्दछ , (पाण्डे २०५६ ) ।

शिक्षण प्रविधि र नवप्रवर्तनलाई कक्षाम भित्रयाउनका लागि शैक्षिक सामाग्री महत्व अपरिहार्य रहेको तथ्यलाई विश्लेषण गर्दै अबका दिनहरुमा फुस्रा भासड तथा शिक्षक केन्दित विधिको प्रयोग गरेर विद्यार्थीलाई हप्काउने र तर्साउने जस्ता कार्यकलापबाट शिक्षण गरेर शिक्षण प्रभावकारी बन्न नसक्ने तथ्य लाई प्रस्तुतु गर्द प्रत्येक शैक्षिक संस्थामा एउटा स्रोतकेन्द्र विकार गरी वास्तविक नमुनाहरु : धेरै उपयोगमा आउने विरुवा, विद्युतिय औजारहरु : रेडियो, टेप , रेकर्डर, कम्प्युटर, ओभरहेड, प्रोजेक्टर विधुतिय तार चुम्बकिय पाटी । शिक्षक निर्देशिकाहरु ,जर्नलहरु पत्रपत्रिका काटेर राखेको फाइलहरु तालिम सामाग्रीहरु स्वअध्ययन सामग्रीहरु, शैक्षिक तथ्याङ्कहरु/काठको सामाग्रीहरु : ब्लकहरु , फलेकहरु, लिष्टीहरु सनमाइका , प्लाइका टुक्राहरु / रेखा चित्र सम्बन्धी सामग्रीहरु : ड्रोइङ्ग पेपर, मार्कर, टेप, पोस्टर पेपर , क्लीप । डिस्प्ले बोर्ड ( रोमाञ्चक ) कटर , हिटर हतौडा आरा डिलिङ्ग मेसिन आदि । औजारहरु । विद्यार्थीले निर्माण गरेका उत्कृष्ट चित्र र नमुना हरु प्रश्नहरुका संङकलनहरु घटना अध्ययन , कार्यमूलक अनुसन्धानका प्रतिवेदनहरु शैक्षिक भ्रमणका प्रतिवेदनहरु सिकाईमा प्रयोग हुने तस्विरहरु र परियोजना कार्यका प्रतिवेदनहरु आदि पर्ने कुरालाइ लेखमा विश्लेषण गरिएको छ , (सापकोटा , २०६२

जनतासँग धेरै प्रविधिहरु छन् । हामीले अनुभव नगरेको प्रविधिहरु । बिरुवा चिन्ने प्रविधि छामेर चिन्ने , चाखेर चिन्ने, हेरेर चिन्ने, दाजेर चिन्ने यो चिन्ताले वनस्पति शास्त्रको जनप्रविधि खोज्ने बाटो दिन्छ । उसको उपयोगिता पहिल्याउने विधि दिन्छ । बाख्रालाई के मानेमा उपयागी हुन्छ भनी खोज्ने विधि । हामीलाई के मा भन्ने विधि । खल्तिमा के प्रविधि छ भनि खोज्ने विधि । यस अर्थमा जनदैलोमा अनेकौ प्रविधिहरु छन् । दुईमुखे चुलो बनाउने प्रविधि खप्पा हिटर बनाउने प्रविधि , तिनखुट्टे ओदान बनाउने प्रविधि , सेला सुकाउने टाड बनाउने प्रविधि, हिमाली भेगको घर तताउने प्रविधि, बच्चाले फिर्फिरे बनाउने प्रविधि , डोको, स्याखु, ढक्की र घुमको गणित, त्रिभुज र चर्तुभुनको गणित डालोको गणित , छैटीको गणित यसरी गणित र विज्ञान घर घरमा छ । जनस्तरमा भाषा सिकाईमा अर्को प्रविधि छ । नरम प्रविधि कसरी सिक्छन् बच्चाले भनी खोज्ने प्रविधि । कसरी हामीले

सिक्यौ भन्ने प्रविधि । कसरी थोरै शब्दले सिक्यौ भन्ने प्रविधि । माथिको छलफल मैले एउटा मान्यता स्थापित गरे प्रविधि गाउघरमै छ भन्ने मान्यता घरघरमा छ भनने मान्यता । ती प्रविधिहरुलाई विद्यालयमा ल्याएनछौ भन्ने मान्यता तिनलाई विद्यालयमा ल्यायौं भने हाम्रो शिक्षा स्वत सान्दर्भिक हुन्छ भन्ने मान्यता व्यवहारिक हुन्छ भन्ने मान्यता ( कोइराला २०६४)

शिक्षण कलाका प्रभावकारि तत्व शैक्षिक सामाग्री प्रर्दशन र यसको उचित प्रयोग हो । शैक्षिक सामाग्रीको प्रर्दशन र प्रयोग अनि शिक्षण सिकाई क्रियाकलाप बीच अन्योन्याश्रित सम्बन्ध छ । तसर्थ शैक्षिक सामाग्रीको प्रयोजन उचित समयमा उचित किसिमले गर्न सकेमा मात्र शिक्षण सिकाई प्रभावकारी हूने हुनाले यसबाट गुणस्तरिय शिक्षाको अपेक्षा राख्न सकिन्छ । पाठको उद्देश्य प्राप्तीमा सघाउ पुऱ्याउने शैक्षिक सामाग्री को संकलन प्रयोग आदि सबै पक्षमा कलात्मक मनोवैजानिक चिन्तन को उपयोग गर्नु पर्दछ । शैक्षिक सामाग्री को निर्माण मूलत : सस्तो सुलभ र स्थानिय स्रोतबाट प्राप्त हुने बस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनु पर्दछ । ताकी त्यसको प्रयोगबाट शिक्षण प्रभावकारी हुन सकोस । शैक्षिक सामाग्री रमाइलो मात्र नभई बालवालिकामा जिज्ञासा उत्पन गराउने र खोजी गर्ने बानी बसाल्ने प्रवृतिको हुनुपर्दछ । शैक्षिक सामाग्रीको तयार पारिसकेको छ । बिद्यालयको अवलोकन पश्चात विद्यालयमा प्राविधिक शिक्षा ल्याईने कुराको उल्लेख गर्दै विद्यालयमा राखिएको व्यवसायिक शिक्षाले भोलीका दिनहरुमा बालबालिकाहरुलाई आत्मनिर्भर बन्न र प्राबिधिक ज्ञान प्राप्त गर्नमा समेत सहयोग हुने कुरा उल्लेख गरिएको छ (शिक्षक मासिक, २०६९:१७) ।

पाठको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउन स्थानीय शैक्षिक सामग्रीको संकलन, प्रयोग आदि सबै पक्षमा कलात्मक मनोबैज्ञानिक चिन्तनको उपयोग गर्नुपर्दछ । शैक्षिक सामग्रीको निर्माण मुलत : सस्तो, सुलभ र स्थानीय स्रोतबाट प्राप्त हुने वस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनु पर्दछ । ताकि त्यसको प्रयोगबाट शिक्षण प्रभावकारि हुन सकोस । शैक्षिक सामग्री रमाइलो मात्र नभई बालबालिकामा जिज्ञासा उत्पन्न गराउने र खोज गर्ने

बानिको विकास गराउने प्रकृतिको हुनु पर्दछ । शैक्षिक सामग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउँछ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराइरहेको हुन्छ । यसरी विषय अनुसारका स्थानीय शैक्षिक सामग्रीको उचित मात्रामा प्रर्दशन र प्रयोग हुन सके शिक्षण अझैं प्रभावकारी हुने कुराको व्याख्या एवम् विश्लेषण गरिएको छ । ( पौडेल, २०६६) ।

मन्टेश्वरी कक्षा संचालन गर्नु भनेको प्रारम्भिक बाल्यअवस्थाका बालबालिकाको सर्वाङ्गिण बिकास गराउनको लागी स्थानीय स्तरमा खेर गएका बस्तुहरुलाई सदुपयोग गरी उनीहरुलाई धेरै भन्दा धेरै ज्ञान, सिप र धारण प्रदान गराउन महत्वपुर्ण भुमिका खेल्दछ । उचित प्रकारको स्थानीय स्रोत र साधनले मन्टेश्वरी कक्षामा अध्ययनरत विद्यार्थीहरुको सिकाईलाई प्रभावकारी बनाउछ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धान निश्चित धरातलमा रहेर गरिन्छ । उक्त अनुसन्धानलाई पूर्णता प्रदान गर्नको लागी सो अध्ययन अनुसन्धानसँग सामिप्यता राख्ने सम्बन्धित सिद्धान्तलाई आधार बनाउनु पर्ने हुन्छ, यसका लागी अनुसन्धानको पुर्ण स्थापित सिद्धान्तहरुको ज्ञान हुनु जरुरी छ । जसका कारण अध्ययन अनुसन्धान गर्न खोजिएको विषयवस्तुको विकासक्रम र यस पक्षसँग सम्वन्धित अन्य प्रक्रियाहरुका बारेमा ज्ञान हुन जान्छ । सम्बन्धित साहित्यको समिक्षाले पहिले गरिएको अनुसन्धनात्मक कार्यहरु बिचमा रहेको फराकिलोपनलाई कम गरि नजिक ल्याउनमा ठोस उपलब्धि प्राप्त गर्नमा सहयोग पुऱ्याँउदछ । मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्वन्धि यस अध्ययनमा प्रसिद्ध शिक्षाविद फ्रेडरिक अगस्त फ्रोबेलको किन्डर गार्टेन प्रणाली र शिक्षण विधि सम्बन्धी सिद्धान्तसँग मिल्दो जुल्दो देखिएकोले सो सिद्धान्तलाई नै अध्ययनको आधार बनाइएको छ ।

प्रसिद्ध शिक्षाविद् किन्डर गार्टेन प्रणालीका प्रवर्तक फ्रेडरिक अगस्त फ्रोबेलको जन्म २१ अप्रिल १७८२ मा दक्षिण जर्मनीको ओवरवेसाच भन्ने गाउँमा भएको पाइन्छ । अभाव र कष्टपुर्ण जीवन जीउन परेकै कारण आफ्नो जीवनमा थुप्रै असफलताहरु भोग्दै संघर्षमय

जीवनयापन गरेका फ्रोबेलले ग्रुनरको विधालयमा अध्यापन गर्दा शिक्षा मनोविज्ञान र शिक्षणको सिद्धान्तको ज्ञान नभएकै कारण असफल भए पछि पेस्तालोजीको विद्यालयमा उक्त विषयमा अध्यापन गरेको पाइन्छ । तत्पश्चातका दिनहरुमा जीवीकोपार्जनको सिलसिलालाई लिएर शिक्षण पेशामा संलग्न फ्रोबेलले आफ्नो जीवनभरको शिक्षण अनुभवलाई संगालेर विभिन्न महत्वपुर्ण पुस्तकहरु प्रकाशमा ल्याए । जसमा Education for man - 1826, Pedagogy of kinder Garten-1802, Mother play and Nursery songs - 1853 इत्यादिले शिक्षा क्षेत्रमा उनलाई प्रसिद्धीको शिखरमा पुऱ्यायो । सन् १८३७ मा जर्मनीको विकट गाउँबाट सुरु भएको किन्डर गार्टेन शिक्षा पद्धति अमेरिका हुदै विश्वभरी नै लोकप्रिय बन्यो ।

फ्रेडरिक फ्रोवेलका अनुसार बालबालिकाहरुको शिक्षा शैशव अवस्थामा नै सुरु हुनु पर्दछ । जसका कारण विद्यालय प्रवेश गर्ने बेलामा राम्रो विद्यार्थीका रुपमा प्रदर्शन गर्न सकोस् जुन बालबलिकामा शिशु भए पनि राम्रो हुने आशा कम मात्र हुन्छ । उनको भनाईमा आत्मक्रियाकलाप, आत्मअभिव्यक्ति, र आत्मअनुभुति आदी कुराहरु समाजमा रहेर सामाजिकीकरण प्रक्रियाबाट सिक्ने कुरा हुन । बालबालिकाहरुको पुर्ण विकासका लागी घर, परिवार, विधालय, धार्मिक स्थल, संघसंस्था र राज्यको आवश्यकता पर्दछ । कुनै पनि बालबलिकाको शिक्षा एक्लै पुर्ण हुँदैन । त्यसकालागी बालबालिकाहरुसँग पनि घुलमिल हुनु पर्दछ । शिक्षा भन्नु नै आत्मक्रियाकलापद्धारा गरेर सिक्ने भएको हुनाले फ्रोबेलको किन्डर गार्टेन पद्धति पनि गरेर सिक्ने र सिकाउने सिद्धान्तमा आधारित छ । यसबाट बालबालिकामा अन्तरनिर्हित शरिरको चाल, हाउभाउ, खेल, गीत, रंगहरुको प्रयोग र कथा कथन आदि सम्बन्धि जानकारी दिएको पाइन्छ । यसरी विधालयमा विभिन्न कार्यक्रमहरु संचालन गर्ने फ्रोबेलले सातवटा उपायहरुलाई शिक्षाको साधनको रुपमा मानेका छन् । यी साधनहरुको प्रयोग हातले छोएर, हेरेर, मनले बुझेर, आकार, प्रकृति, सतह, संख्या आदिको धारण सिकाउन गरिन्छ । उनका अनुसार बालबालिकाहरु अन्तर्निहित र नैसर्गिक मानविय गुणहरुको स्वच्छन्दता पुर्वक विकास गर्नु शिक्षाको मुख्य उद्देश्य हो । ( थपलिया हरि प्रसाद २०७०, बाल विकास केन्द्रमा बालमैत्री कक्षा कोठा व्यवस्थापन प. १७-१९)

सो अध्ययनको अवधारणा अनुसार स्वतन्त्र वातावरणले बालबालिकाहरुको आन्तरिक क्षमता बढाउने, सिकाईका निम्ति तालिमको आवश्यकता माग गर्ने, शिशु अवस्थाबाट नै बालबालिकाहरुको शिक्षा राम्रो हुने, बालबालिकाहरुलाई औपचारिक शिक्षाको बदला बातावरणको समायोजनमा जोड दिएका छन् । किन्डर गार्टेन भनेको कलिला उमेरका बालबालिकाहरु स्वतन्त्र रुपले खेल्दै, रमाउदै विभिन्न शैक्षिक सामग्रीहरुबाट सृजनाशीलताको भाबना विकास गर्दै उनीहरुको चौतर्फी विकास गर्ने स्थल हो । त्यसैंले फ्रेडेरिक फ्रोबेलले प्रतिपादन गरेको सिद्धान्त नै मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्बन्धि यस अध्ययनमा समन्वय गरि अध्ययनलाई अगाडी बढाइएको छ । फ्रोबेलले किन्डर गार्टेनमा विधालय बाल बगैचा, बालक-फुल र शिक्षक-माली मानेका थिए ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकन गर्दा स्थानीय शैक्षिक सामग्री प्रयोगको भुमिका अपरिहार्य रहेको पाइयो । शिक्षण कृयाकलापमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगले शिक्षणलाई दिगो, मनोरञ्जनात्मक बनाउनुका साथै स्मरणीय बनाउदछ । अनुसन्धानकार्यलाई उद्देश्य अनुसार पुर्णता प्रदान गर्नका लागी अध्ययन अनुसन्धानसँग सम्बन्धित लेखरचना तथा पत्रपत्रिकाहरुलाई साहित्यको पुनरावलोकनको रुपमा प्रयोग गर्नु आवश्यक रहन्छ । जसको प्रयोगबाट सो अनुसन्धानसँग सम्बन्धित विभिन्न पक्षहरुको सम्बन्धमा जानकारी मिल्नुका साथै अध्ययन अनुसन्धानहरुमा देखिएका कमीकमजोरीहरुलाई सुधार गरेर थप प्रभावकारी र गुणात्मक बनाउनका लागी अनुसन्धानकर्ताका लागी थप सहयोग पुऱ्यायो । किन्डर गार्टेन सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा चयन गरि गरिएको यस अध्ययन अनुसन्धानमा अध्यपन अनुसन्धानका लागी प्रश्नावली तयार गर्न, छनोट गरिएका प्रश्नावलिको व्याख्या एवम् बिश्लेष्ण गर्न, तथ्यांक संकलन स्रोतहरुको प्रयोग गर्न, छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अध्ययन एवम् अवलोकन गर्न समेत साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाले थप सहयोग प्रदान गऱ्यो ।

# परिच्छेद तीन

# अध्ययन विधि

अनुसन्धानको प्रकृती आकार ढाँचा तथा स्वरुप अनुसार तथ्याङ्क संकलन विधि तथा साधनहरु फरक-फरक हुन सक्दछन् । तथ्याङ्क संकलन गर्ने विधि र तथ्याङ्क स्रोतका आधार पनि अनुसन्धान विधि निर्धारण हुने गर्दछ । खास गरि अनुसन्धान गुणात्मक एवम् परिमाणात्मक गरि दुई प्रकारबाट गर्ने गरिन्छ । अनुसन्धानकर्ताको क्षमता, रुचि, आर्थिक, भौतिक कारण बाट पनि अनुसन्धान विधि छनोटमा प्रत्यक्ष प्रभाव पर्दछ, त्यसैले शैक्षीक अनुसन्धान जस्तो संवेदनशील कुराको अनुसन्धानका लागी यस्ता विभिन्न पक्षहरुको विचार गर्नु पर्ने हुन्छ । तथ्याङ्कहरु सहज रुपमा प्राप्त गर्न सकियोस् र संकलित तथ्याङ्क शुद्ध र वास्तविक हुन सकुन भन्ने उद्देश्य राखी अध्ययन विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## ३.१. अनुसन्धान ढाँचा

यस अध्ययनको मुख्य उद्देश्य बर्तमान अवस्था, प्रकृया, समस्या र घटनाको व्याख्या, विश्लेषण गर्दै उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी नयाँ कुरा पत्ता लगाउनु हो । पूर्व योजना र तयारी विना गरीने अनुसन्धान बाट निश्चित लक्ष्य हासिल हुन सक्दैन । प्रस्तावित अध्ययनको उद्देश्य हाँसिल गर्ने अपेक्षा गरी बनाइएको योजना अनुसन्धान ढाँचा हो । यो अनुसन्धान गुणात्मक अनुसन्धानमा प्राप्त नतिजा संख्यात्मक नभएर व्याख्या विश्लेषण गरिएको वर्णनात्मक प्रकृतिको रहेको छ । यो अनुसन्धान भावनात्मक र लचिलो प्रकृतिले सामान्यिकरण गरी यस अध्ययनलाई त्यहाँको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ ।

### ३.२ अध्ययनको जनसङ्ख्या तथा नमुना छनोट

यो अध्ययन कार्य चितवन जिल्लाको पश्चिम क्षेत्र भरतपुर महानगरपालिकामा अवस्थित मन्टेश्वरी शिक्षण पद्धतिमा संचालित ३ वटा मन्टेश्वरीहरु :- नारायणी किड्सजोन मन्टेश्वरी-पार्वतीपुर-२१ चितवन, किड्स टाउन मन्टेश्वरी टाउन-२२ चितवन र ओमशान्ति बालबाटिका मन्टेश्वरी, कृष्णचोक-२३ चितवनमा केन्द्रित रहेको छ । नमुना छनोटमा रहेका मन्टेश्वरीहरुबाट क्रमश : प्रत्येक मन्टेश्वरी सञ्चालक-३ जना, शिक्षिकाहरु ३ जना, विधार्थी ६ जना, अभिभावक ६ जना र आया ३ जना गरी २१ जनालाई अध्ययन अनुसन्धानको जनसंख्याको रुपमा छनोट गरिएको छ ।

### ३.३ तथ्याङ्क सङ्कलनका साधनहरु

अध्ययन कार्यलाई उद्देश्य अनुसार पुर्णता प्रदान गर्न निम्नानुसारको साधनको निर्माण गरि सम्बन्धित बिषय विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाबको आधारमा परिमार्जन गरी प्रयोग गरिएको छ ।

#### ३.३.१ अन्तरवार्ता प्रश्नावली

छनोटमा परेका मन्टेश्वरीमा सञ्चालक,शिक्षीका, अभिभावक, बिद्यार्थी र आया (परिचारिका) लाई शेधकर्ता प्रत्यक्ष उपस्थित भई अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरी जानकारी संकलन गरिएको छ । जसलाई अनुसुची १-५ सम्म प्रस्तुत गरिएको छ ।

#### ३.३.२ अवलोकन फारम

छनोटमा परेका मन्टेश्वरीमा अनुसन्धानकर्ता स्वयम् उपस्थित भएर संचालक, शिक्षक, अभिभावक तथा आयासँग सोधपुछ गर्नुका साथै मन्टेश्वरीको शैक्षिक सामग्रीको प्रयोग, शिक्षक निर्देशिकाको प्रयोग, विधार्थी मुल्यांकन जस्ता क्रियाकलापहरुको वास्तविक तथ्य पत्ता लगाउनका लागी अवलोकन फारमको प्रयोग गरि सुचना प्रयोग  गरिएको छ । जसलाई अनुसुची ६,७, ८ मा राखीएको छ ।

## ३.४ तथ्याङ्क संकलनका स्रोतहरु

कुनै पनि विषय वा समस्यको बारेमा अनुसन्धान गर्दा विभिन्न स्रोतहरुलाई आधार मानिएको हुन्छ । यसै गरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितिय गरी तथ्याङ्कका २ वटा स्रोतहरुलाई अबलम्बन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क संकलनको प्राथमिक स्रोत अर्न्तगत छलफल तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइएको छ । जसमा तथ्याङ्क संकलनका लागी शोधकर्ताको प्रत्यक्ष अन्तरवार्ता प्रश्नावलीको प्रयोगको आधारमा गरिएको छ ।

### ३.४.२ द्वितिय स्रोत

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धित बिधालयका अभिलेखहरु, पत्रपत्रिकहरु, लेख रचनाहरु, बुलेटिनहरु, प्रकाशित शोधपत्रहरु एवं सम्बन्धित प्रतिवेदनलाई आधार मानि तथ्याङ्क प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

कुनै पनि विषयको अनुसन्धानको लागी नमुना छनोट गर्दा संयोगमा आधारित नमुना छनोट विधिको आधारमा नमुना छनोट गरिएको छ । अध्ययनमा प्राथमिक र द्वितिय तथ्याङ्क प्रयोग गरिएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत शोधपत्रमा तथ्याङ्क संकलनका लागी अन्तरवार्ता प्रश्नावलीलाई प्रयोगमा ल्याइएको छ । जसको प्रयोगमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अनुसुचीमा उल्लेख गरिएको प्रश्नावलीहरु सोधेर सोही अनुसार तथ्याङ्क संकलन गरिएको छ । अवलोकन फारमका आधारमा अनुसन्धानकर्ताको प्रत्यक्ष अवलोकनमा प्रश्नावलीबाट प्राप्त हुन नसकेका तथ्याङ्कहरुलाई सङ्कलन गरिएको छ, भने द्वितिय तथ्याङ्कहरु स्थलगत अध्ययन मन्टेश्वरी अभिलेख पत्रपत्रिका, लेख, रचना, बुलेटिन,

प्रतिबेदन तथा अप्रकाशित शोध ग्रन्थ, इमेल, इन्टरनेट आदिलाई यसको आधारभुत भाग मानिएको छ ।

### ३.६. तथ्याङ्क बिश्लेषण विधि

अध्ययनका लागी संकलन गरिएको तथ्याङक संकलन गर्न प्रयोग गरिएको अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरुपको आधारमा तथ्याङ्कहरुलाई गुणात्मक तरिकाले बिश्लेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी सकेसम्म सन्तुलित गराइएको छ । सम्बन्धित सरोकारवालालाई अनुसन्धानको उद्देश्यसँग समिप्य गराएर सुचना संकलन होस भन्नका लागी पटक पटक सरोकारावालाहरुमा भेटघाट गरी प्रश्नावलीहरु सोधी आवश्यकता अनुसार परिमार्जन गरी वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या एवं विश्लेषण

कुनै पनि अध्ययन कार्यको लागी प्राप्त तथ्याङ्कहरुलाई आवश्यक मात्रामा प्रशोधन गरी उद्देश्य अनुसार व्याख्या बिश्लेषण गर्ने आवश्यक रहन्छ । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पुरा गर्न पाठ्यवस्तुसँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्दछ । जसको प्रयोगले शिक्षण सिकाइलाई सरल, अर्थपुर्ण र प्रभावकारी बनाउछ । मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्बन्धि अध्ययन र बिश्लेषण गर्ने क्रममा ३ वटा मन्टेश्वरीहरुका सञ्चालक, शिक्षिका, विधार्थी, अभिभावक र आया सँग लिइएको अन्तरवार्ता, प्रश्नावलि र अवलोकन फारमबाट प्राप्त भएका जानकारीको व्याख्या तथा बिश्लेषण यस शिर्षक अन्तर्गत पर्दछ ।

## ४.१ मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको वर्तमान अवस्थाको पहिचान

शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गरिने आवश्यक सामग्रीहरुलाई शैक्षीक सामग्री भनिन्छ । अर्को शब्दमा भन्दा बालबालिकाहरुको सिकाइलाई व्यवहारिक र उद्देश्यमुलक बनाउने शिक्षण कार्यमा प्रयोग गरीने सामग्री नै शैक्षिक सामग्री हुन् । शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनुका साथै विषयबस्तुको बारेमा राम्रो धारणको विकास गर्ने गर्दछ । शैक्षिक सामग्रीहरु श्रव्य सामग्री, दृश्य सामग्री, श्रव्यदृश्य सामग्री र मुद्रित सामग्रीहरुलाई शैक्षिक सामग्री भनिन्छ । बालबालिकाहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याई सिकाईलाई प्रभावकारी, चाख लाग्दो, रोचक, अर्थपुर्ण र उद्देश्यमुलक बनाउनको लागी स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्नु आवश्यक छ । स्थानीय स्तरमा खेर गइरहेका बस्तुहरुलाई संकलन गरी तयार पारिएको सामग्रीहरु नै स्थानीय शैक्षिक सामग्रीहरु हुन् । जसको प्रयोगले मन्टेश्वरीलाई आर्थिक भार कमी हुनुका साथै स्थानीय स्रोत र साधनहरुको सही रुपमा परिचालन हुने गर्दछ । स्थानीय स्रोत र

साधनको प्रयोगले बालबालिकाहरुमा खेर जाने बस्तुहरुको प्रयोग गर्ने बानीको विकास हुने गर्दछ । शिक्षण कार्यमा शैक्षिक सामग्रीको छनोट प्रकृयामा शैक्षिक सामग्रीको निर्माण गर्दा स्थानीय श्रोत सामग्रीलाई प्राथमिकता दिनु, शैक्षिक सामग्रीहरु स्तरीय, आफै निर्माण गर्न सकिने, सरल, सुलभ, खतरामुक्त हुनु , शैक्षिक सामग्रीको प्रयोग वा प्रदर्शन गर्दा बालबालिकाको संख्याको आधारमा प्रत्येक बालबालिकाहरुले स्पष्ट देख्न सकिने वा नजिकबाट अवलोकन गर्ने सक्ने हुनु पर्दछ ।

### ४.१.१ उपलब्ध शैक्षिक सामग्री

यस अध्ययनको नमुना छनोटमा परेका ३ वटा मन्टेश्वरीहरु (अनुसुची ७) को शैक्षिक सामग्री प्रयोग सम्बन्धि तथ्याङ्क संकलन गर्न तयार पारिएको अवलोकन फारम प्रयोग गरी शैक्षिक सामग्रीको मन्टेश्वरीमा प्रयोग र त्यहाँको वास्तविक अवस्थाको अवलोकन गरियो । अवलोकनमा प्राप्त विवरण अनुसुची ६ मा राखिएको छ ।

कोड नं. A संस्थाको विधार्थी संख्याको आधारमा शिक्षिकाको संख्या आवश्यक मात्रामा नै भएको पाइयो । शिक्षिकाको उपस्थिती दर ९९ प्रतिशत रहेको पाइयो । मन्टेश्वरीले निर्धारण गरेको समय सम्म कार्यरत रहेको पाइयो । अध्यापन विवरण खुलेको लगबुक प्रयोग गरेको पाइयो । खेलकुदका सामग्रीहरुमा घोडा, साइकल, ढिकीच्याउ, पिङ्ग, डोरी, रिङ्ग, चिप्लेटी, कपडाको गुडिया भएको पाइयो । सरसफाइका सामग्रीहरु साबुन, रुमाल, ऐना, काँइयो, नङ्कट, भए पनि सरसफाइको अभाब पाइयो । शैक्षिक सामग्रीको रुपमा मुद्रित सामग्रीहरु, शिक्षक निर्देशिका, पुस्तक, पत्रपत्रिका भएको पाइयो । श्रव्य सामग्रीमा रेडियो, टेलिफोन, रहेको पाइयो । दृश्य सामग्रीहरुमा नक्सा, चार्ट, चित्र, ग्लोब भएको पाइयो जसको माध्यमबाट बालबालिकाहरुलाई शिक्षण गर्ने गर्दछन् ।

संस्था B मा शिक्षिका संख्या विधार्थी संख्याको आधारमा आवश्यक रहेको पाइयो । शिक्षिकाहरुले मन्टेश्वरीको नियमित रुपमा समयको पालना गरेको पाइयो । शिक्षकाको उपस्थिति दर ९८ प्रतिशत रहेको पाइयो । यस संस्थामा अध्यापनरत शिक्षिकासँग अध्यापन

बिवरण खुल्ने लगबुक नभएको पाइयो । मन्टेश्वरीमा आवश्यक मात्रामा खेलकुद सामग्रीहरु डोरी, पिङ्ग, घोडा, चिप्लेटी आदि रहेको पाइयो । सरसफाइका सामग्रीहरु भएता पनि अप्रयाप्त देखिन्छ । मुद्रित सामग्रीहरु शिक्षक निर्देशिक, दैनिक पत्रिका, सहयोगी पुस्तिका भएको पाइयो । श्रव्य सामग्रीहरु टेपरेर्कड, रेडियो भएको, दृश्य सामग्रीहरु चित्र, खेलौना, तस्विर, नक्सा, कागजबाट बनाएका फुलहरु रहेको पाइयो । श्रव्यदृश्य सामग्रीहरु टेलिभिजन, भिडियो, रहेको पाइयो ।

संस्था C मा बिधार्थी संख्याको आधारमा शिक्षिकाको संख्या आवश्यक मात्रामा नै भएको पाइयो । शिक्षिकाको उपस्थिती दर ९८ प्रतिशत रहेको पाइयो । शिक्षिकाहरुले आफ्नो समयको पालना गरेको पाइयो । अध्यापन विवरण खुलेको लगबुक प्रयोग गरेको पाइयो । मन्टेश्वरीमा खेलकुदका सामग्रीहरु पिङ्ग, चिप्लेटी, घोडा, साइकल, भकुण्डो, रिङ्ग भए पनि बालबालिकाहरुलाई गुडिया लगायतका सामग्रीहरुको अभाब भएको पाइयो । आवश्यक मात्रामा सरसफाइका सामग्रीहरु (नङ्कट, काइयो, रुमाल, ऐना, साबुनं) रहेको पाइयो । मुद्रित सामग्रीहरुमा सहयोगी पुस्तक, मासिक पत्रिका प्रयोग भएको र शिक्षक निर्देशिकाका प्रयोग भएको पाइयो । श्रव्य सामग्री टेपरेकर्डर, रेडियो भएको श्रव्यदृश्य सामग्रीहरुको प्रयोग भएको र दृश्य सामग्रीमा चित्र, तस्विर, ग्लोब, नक्सा, कार्टुनहरु आदि भएको पाइयो ।

### ४.१.२ शैक्षिक सामग्री निर्माण प्रक्रिया

न्युन मुल्यमा पाइने र निःशुल्क पाइने आधारभुत र सहायक शैक्षिक सामग्रीहरुलाई स्थानीय शैक्षिक सामग्री भनिन्छ । जस्तै :- काठका टुक्रा, बिरुवा, बालुवा, माटो, टिनका बट्टाहरु, कागजातका टुक्रा, ढुङ्गाका टुक्राहरु बोतल, व्याट्री, फुल, पात, लठ्ठी आदी स्थानीय शैक्षिक सामग्रीहरु हुन् । अचेल बजारमा ज्यादै महङ्गो मुल्य पर्ने किसिमका थुप्रै शैक्षिक सामग्रीहरु पाइन्छन् । शिक्षण क्रियाकलापमा यस्तो किसिमको महङ्गो शैक्षिक सामग्रीहरुको प्रयोग गर्न सम्भव हुदैन । त्यस कारण शैक्षिक क्रियाकलापमा स्थानीय शैक्षिक समानहरुको प्रयोग गर्नुपर्दछ । जसको प्रयोगले स्थानीय स्रोत र साधनहरुको सही रुपमा परिचालन हुने गर्दछ ।

नमुना छनोटमा परेका ३ वटै मन्टेश्वरीमा बजारमा पाइने र स्थानीय स्तरमा पाइने सामग्रीहरुको प्रयोग भएको पाइएता पनि स्थानीय स्रोत एवम् साधनहरुको निर्माण गरी प्रयोग एवम् संकलन गरेको कम पाइयो । A C मन्टेश्वरीमा स्थानीय शैक्षिक सामग्रीहरुको निर्माण र प्रयोग B मन्टेश्वरीमा भन्दा केहि मात्रामा बढी प्रयोग भएको पाइयो । आफ्ना वरिपरि रहेका काठका टुक्राहरु चाउचाउका प्याकहरुको प्रयोग गरी अंक चिनाउने दृश्य संस्था A मा पाइयो, भने B C मा विभिन्न कागजहरु समेटी तिनीहरुबाट फुल गमला, चरा, माछा, डुङ्गा जस्ता वस्तुहरु निर्माण र प्रयोग गर्ने गरेको पाइयो । छनोटमा परेको मन्टेश्वरीमा शैक्षिक सामग्री निर्माण एवम् संकलन गर्ने छुट्टै कक्ष रहेको पाइयो । मन्टेश्वरी B C मा शिक्षिकाहरु विद्यार्थीहरु सँग सहकार्य गरी सामग्री निर्माण गरेको पाइयो । त्यस्तै केही बालबालीकाहरुले बनाएर ल्याएका चित्रहरु, फुलहरु, घरहरु कक्षाकोठामा टासिएको अवस्था देख्न पाइयो । प्राय: ३ वटै मन्टेश्वरीमा विभिन्न स्थानीय शैक्षिक सामग्रीहरु काठ, ढुङ्गाका सामग्री, सिन्का, चित्र र तस्वीर देखाउदै गीती शैलीमा (Raymes) अध्यापन गरेको पाइयो । मन्टेश्वरीका भित्ताहरुमा आकर्षक रङ्गको प्रयोग गरी कागजबाट निर्माण गरेका गुरासँ फुलहरु, प्याक, कार्टुनहरु, झुन्डाएका पाइयो । स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोग केहि हद सम्म भएता पनि सिकाई उपलब्धी अपेक्षीत नभएकोले मन्टेश्वरीले शैक्षिक सामग्रीको सम्बन्धमा तत्कालीन र दीर्घकालीन योजना निर्माण गर्नु पर्दछ । जसका लागी तालिम प्राप्त शिक्षिकाहरु बाट तालिम अप्राप्त शिक्षिकाहरुलाई तालिमको व्यवस्था गर्नुका साथै शिक्षिकाहरुलाई शैक्षिक सामग्री निर्माण तथा संकलनको जिम्मेवारी प्रदान गर्ने जस्ता कार्य गर्नु पर्दछ ।

### ४.१.३ स्थानीय सामग्रीको प्रयोग

नमुना छनोटमा रहेका कोड नं. B मन्टेश्वरीमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग A C मन्टेश्वरीमा भन्दा कम भएको पाइयो । बालबालिकाहरुले विभिन्न खेल खेल्नमा ज्यादै मन पराउने भएकोले उक्त मन्टेश्वरीहरुमा खेल र गीति शैलीमा शिक्षण गराउने गरेको सम्बन्धीत शिक्षिकाले बताएको पाइयो । कोड नं. A संस्थामा मन्टेश्वरी प्रवेश भएपछि गीति

शैलिमा कक्षा सञ्चालन सुरु हुन्छ । भने B C संस्थामा खेलको माध्यमबाट कक्षा सञ्चालन सुरु हुने गर्दछ । A संस्थाका शिक्षिकाहरु मन्टेश्वरी तालिम प्राप्त छन् भने BC संस्थामा ६० प्रतिशत शिक्षिकाहरु तालिम अप्राप्त रहेको पाइयो ।

अभिभावकसँग लिएको प्रतिक्रियामा आफ्ना छोराछोरी नियामित रुपमा विद्यालय जाने गरेको, पढनमा सहयोग गर्ने गरेको, भनाई बढी मात्रामा पाइयो । आफ्ना छोराछारीहरुले कहिलेकाही शैक्षिक सामग्री निर्माण गर्ने गरेको पाइयो, भने केहि अभिभावकहरुले खेलकुदका सामग्रीहरुको व्यवस्था पनि गर्ने गरेको पाइयो । घर वरपर प्राप्त वस्तुहरुले केटाकेटिहरुको पठाइमा सहयोग भएको अधिकांश अभिभावकहरुको भनाइ रहेको पाइयो । सञ्चालक सँग गरिएको प्रतिक्रियामा मन्टेश्वरीमा शिक्षिकाहरुको अध्यापन अवस्था प्रति बेलाबेलामा निरिक्षण गरिरहेको पाइयो । B C संस्थाको कक्षाकोठामा आवश्यक शैक्षिक सामग्रीहरु मुल्य पर्ने र स्थानीय स्तरमा प्राप्त बस्तु दुवै प्रयोग भएको कुरा बताउनु भएको छ । उक्त मन्टेश्वरीहरुमा मुल्य पर्ने सामग्री भन्दा स्थानीय स्तरमा प्राप्त समाग्रीहरुबाट शिक्षण सिकाई बढी प्रभावकारी, दीर्घकालीन रहन सक्ने कुरा प्राप्त भयो । त्यस्तै A संस्थामा स्थानीय स्तरमा पाइने र बजारबाट खरिद गरिएका सामग्री जसमा पनि श्रव्यदृश्य सामग्री ( टेलिभिजन, भिडियो) ले बालबालिकाहरुलाई कुनै पाठ प्रति धारण बुझाउनको लागी अति नै उत्तम सामग्रीको रुपमा लिएको पाइयो । स्थानीय स्तरमा प्राप्त सामग्रीहरुले पनि विद्यार्थीहरुको सिकाइमा प्रत्यक्ष प्रभाब पारेका कुरा बताउनु भयो । शिक्षण सिकाइलाइ स्थानीय शैक्षिक सामग्रीहरुले विषयबस्तुलाई स्पष्ट सँग बुझ्न मद्धत गरी अर्थपुर्ण सिकाइमा सहयोग पुऱ्याउछ र गुणस्तर बृद्धि गर्दछ भन्ने कुरा प्रष्ट हुन्छ ।

बालबालिकाहरुको सिकाइलाई प्रभावकारी बनाउन उनिहरुको रुचि, आवश्यकता र उमेरलाई ध्यानमा राखी शैक्षिक सामग्रीहरुको निर्माण देखि खेलकुद मैदान आराम कक्ष, सयन कक्ष, प्रयोगशाला उधान आदीको समुचित प्रबन्ध मिलाइ शिक्षिकाहरुलाई तालिमको प्रबन्ध हुनुपर्ने कुरा सार्थक देखिएको पाइन्छ ।

## ४.२ मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रभाव

शिक्षण सिकाईलाई उद्देश्यमुलक र अर्थपुर्ण बनाउन बर्णनबाट मात्र सम्भब नहुने हुदा उपयुक्त शैक्षिक सामग्रीहरुको प्रयोगको आवश्यकता पर्दछ । शैक्षिक सामग्रीहरुमा पनि स्थानीय स्तरमा खेर गइरहेका सर्बसुलभ रुपमा प्राप्त गर्ने सकिने सामग्रीले सिकारुमा रुचि पैदा गर्नुका साथै शिक्षण सिकाईलाई दीर्घकालिन बनाउने, बिधार्थीहरुमा चाख बढने, कम समयमा सिकाउन सकिने, सृजनशीलता तथा विधार्थीहरुमा उत्सुकता बढ्ने भएकोले मन्टेश्वरी कक्षामा स्थानीय शैक्षिक सामग्रीको प्रयोगको सम्बन्धमा अध्ययन गर्दा बालबालिकाहरुको चौतर्फी विकास क्षेत्रमा उल्लेखनीय रुपमा प्रभाव परेको तथ्य सम्बन्धित सरोकारवालाहरु, सञ्चालक, शिक्षिका, अभिभावक, विधार्थी र आयाहरु बाट प्राप्त भयो । र अनुसन्धानबाट प्राप्त जानकारी अनुसार प्रभावलाई बुदागत रुपमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ बालबालिकाको रुचि

अनुसन्धानको क्रममा प्रत्यक्ष अवलोकन गर्दा नारायणी किड्सजोन मन्टेश्वरीका केही बच्चाहरु उत्सुकता पूर्वक मिस आज गीत गाउदै नाच्ने भनेको र केहि बच्चाहरुले चित्र बनाउने भन्दै गरेको प्रत्यक्ष देखियो.। सर्वप्रथम शिक्षिकाले बच्चाहरुको मनोभावना/रुचिलाई ध्यानमा राख्दै सुरुमा गीती लयबाट कक्षालाई मनोरञ्जनात्मक बनाउनुका साथै चित्र बनाउने कृयाकलापलाई अगाडी सार्नु भयो । बच्चाहरु उत्सुकता पुर्वक चित्र बनाउदै मिसलाई देखाउदै गरेको दृश्यबाट पनि प्रष्टिन्छ । चित्र बनाउदै नजिकै बसेको साथीलाई मैले त कस्तो राम्रो चित्र बनाएको छु हेर त ? भन्दै मिसलाई पनि देखाउदै गरेको दृश्य प्रत्यक्ष अवलोकनमा पाइयो । यस्ता गतिविधिहरुले बालबालिकाहरुको सिकाइमा वृद्धि भएको देखिन्छ । मन्टेश्वरी कक्षाका भित्ताहरुमा चित्रहरु, कागजबाट बनेका फुलहरु, चराहरु, गमलाहरु झुन्डायाएको हेर्दै बालबलिकाहरु मिस यो के हो ? कसले बनाएको हो ? जस्ता प्रश्नहरु सोधि सिकेको पाइयो । मन्टेश्वरी कक्षाका भित्ताहरुमा लेखिएका चित्र, अक्षरहरु जस्ता विभिन्न सामग्रीहरुले बालबालिकाहरुको ज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक

सिपहरु प्राप्त हुन सकेको आध्यपनको क्रममा त्यहाका सञ्चालकहरुबाट प्राप्त भयो । मन्टेश्वरी कक्षाका भित्ताहरुमा लेखिएका अक्षरहरुमा बालबालिकाहरु आ-आफ्नै तरिकाले भुलिरहेको एउटै सामान खेल्नमा तछाड मछाड गरेको देखिन्छ । कक्षाकोठामा रहेका भौतिक सामग्री, शैक्षिक सामग्री एवम् मनोरञ्जनात्मक सामग्रीहरु आकर्षक एवम् सजिसजावट किसिमले व्यवस्थापन गर्न नसक्नु मन्टेश्वरी कक्षाको ज्वलन्त समस्या रहेको छ । पहिला प्रयोग भई सकेका सामग्री क्षती भई सकेको हुनाले बालबालिकाहरुमा उत्साह र रुचिको मात्रा घटेको देखिन्छ । प्रत्येक बालबालिकाको रुचि अनुसार शिक्षण कठिन रहेको अध्ययनको क्रममा देखिएको पाइन्छ ।

### ४.२.२ विद्यार्थीको सृजनशीलता

आजको युग २१ औं शताब्दिको युग हो । जहाँ विभिन्न विज्ञान र प्रविधिले आफ्नो प्रभुत्व जमाएको अवस्था छ । यस अवस्थामा शिक्षाका विभिन्न नयाँ-नयाँ आयामहरु दिनानुदिन थपिदै गरेका छन् । समयको परिबर्तनशिलता सँगै शिक्षामा पनि विभिन्न सामग्रीहरुको प्रयोग हुदै आइरहेको छन् । मन्टेश्वरी कक्षाका बालबालिकाहरुको आन्तरिक क्षमता प्रस्फुटन गर्ने र आफैले गरेर सिक्ने बानीको विकास गर्ने उपयुक्त शैक्षिक सामग्रीको प्रभावकारी भुमिका रहन्छ । बालबालिकाको सृजनात्मक भावनाको विकास गराउन उपयुक्त शैक्षिक सामग्रीले महत्वपुर्ण भुमिका खेल्ने गर्दछ ।

यसै सन्दर्भमा युनेस्कोले २१ औं शताब्दिका लागी शिक्षाका ४ खम्बाहरु प्रस्तुत गरेका छन् । जसमा शिक्षा जान्नको लागी सिक्ने, गर्नका लागी सिक्ने, बन्नका लागी सिक्ने, सह जीवनका लागी सिक्ने भनेको छ । त्यसैले नयाँ-नयाँ खोज आविष्कार गरी नयाँ कुरा सिक्नका लागी शैक्षिक सामग्रीको प्रयोग सृजनशीलताका लागी सान्दर्भिक हुन्छ । बालबालिकाहरुको क्षमता विकास हुन्छ भनि प्रयोगमा ल्याएका कतिपय सामग्रीहरुले दूर्घटना पनि निम्त्याउने अवस्था देखिन्छ । बालबालिकाहरु केहि सिक्ने भन्दा पनि समयको बर्बाद मात्र हुने काम हुन्छ । कक्षामा शैक्षिक सामग्रीको अभावले गर्दा उक्त सामग्रीलाई पुनः

प्रयोगमा ल्याउनु पर्ने हुनाले बालबालिकाहरुमा वितृष्ण हुन सक्छ । शिक्षिकाहरुले बालबालिकाहरुको मनोभावना बुझी समय सापेक्षित रुपमा अगाडि बढ्नु पर्ने हुन्छ । साथै बालबालिकाको रुचि, पाठको प्रकृति र सार्न्दभिकता अनुसार शैक्षिक सामग्री प्रयोगमा ध्यान दिनुपर्ने हुन्छ । रुसोका अनुसार बालक स्वयं उत्तम ग्रन्थ हो । जसको प्रत्येक पृष्ठहरु पढ्न आवश्यक छ । यसको अर्थ यो हो की बालकको व्यक्तिगत भिन्नता अनुसार स्वतन्त्र प्रकृतिमा शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्दछ । वार्तालाप लेखन, चित्र कोर्ने,संगीत र खेलबाट सिकाइको लागी प्राकृतिक बातावरण तयार हुन्छ । गरेर सिक्ने विधि र प्रत्यक्ष अनुभवबाट सिक्ने विधि उत्तम विधि हो । वनको काँडालाई तिखार्ने पर्दैन भन्ने भनाइसँग प्रकृतिवादी दार्शनिक रुसोको धारण मेल खान्छ ।

### ४.२.३ शिक्षण विधि

मन्टेश्वरी कक्षामा शिक्षण गर्दा शिक्षक केन्द्रित विधि भन्दा विद्यार्थी केन्द्रित विधि अपनाई विद्यार्थीलाई नै सक्रिय सहभगितामा अध्यापन गर्नु आवश्यक हुन्छ । शिक्षण सिकाइमा शिक्षिकको उच्च सक्रियता र नेतृत्वदायी भुमिका हुने गर्दछ । भने विद्यार्थीहरु सहायकको रुपमा रहन्छ । त्यस्तै विद्यार्थीहरु शिक्षण सिकाइ कृयाकलापमा अघिल्लो नेतृत्वदायी भुमिका रहने विधि विद्यार्थी केन्द्रित विधि हो । जहाँ स्वक्रियाकलापहरुबाट विद्यार्थीहरुले आर्जन गरेका ज्ञान, सिप र धारणलाई व्यवहारमा लागु गर्न उनीहरु सक्षम हुन्छन् । शैक्षिक आत्मनिर्भरता बढाउन, शिक्षार्थीमा जीवनसीप र सामाजिक सीपको विकास गर्न, ऐच्छिक कृयाकलापका माध्यमबाट रचनात्मक दमता बढाउन, विद्यार्थीहरुको भुमिकालाई सबल, सफल र प्रभावकारी बनाउन सिकारु/बिद्यार्थी केन्द्रित विधि निकै उपयुक्त मानिन्छ ।

यस तहमा अध्ययन गर्ने बालबालिकाहरुलाई उनीहरुको रुची र आवश्यकतालाई ध्यानमा राखी विभिन्न खेल र गीत, कविताहरुको माध्यमबाट शिक्षण गराउने भनाइ शिक्षिकाहरुको रहेको छ । मन्टेश्वरीका भित्ताहरुमा टासीएका तस्बिर, चित्रहरु देखाउदै र बालबालिकाहरुलाई पनि बनाउन प्रोत्साहन गर्दै प्रदर्शन विधिको प्रयोग गरी अध्यापन गरेको

पाइयो । शिक्षण विधिलाई प्रभाबकारी र दीर्घकालिन बनाउनको लागी स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको समुचित प्रयोग गर्नुपर्दछ, भन्ने भनाई सञ्चालकहरुको रहेको पाइयो । मन्टेश्वरी कक्षाको नीति एवम् कार्यान्वयन पक्षमा देखिएका कमजोरीहरुका कारण र स्वयम् शिक्षकको सेवा सुविधामा कमि, नियुक्ति प्रक्रिया, शैक्षिक सामग्रीको निर्माण र भण्डारण कक्षको अभाव, दण्ड पुरस्कराको अभाब आदी धेरै पक्षहरु जिम्मेवार रहेको अनुभव गरिएको छ । एउटा प्रशासकले आफ्ना मातहतका शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धमा उत्प्रेरित गर्दै शिक्षिकाहरुलाई जिम्मेवार बनाउनु पर्दछ । साथै शिक्षिकाहरुले आफ्ना जिम्मेवारी पुरा गर्नुपर्दछ ।

### ४.२.४ पाठ्यक्रमको सान्दर्भिकता

सिकारुहरुको सर्वाङ्गिण विकासका लागी आवश्यक पर्ने ज्ञान, सीप र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ । विधार्थीहरुले सिकेका अनुभवहरुलाई वास्तविक जीवनसँग मेल खाने गरी प्रस्तुत गरिएको अनुभवको योजनाहरु पाठ्यक्रम अन्तर्गत लिइन्छ । पाठ्याक्रमले व्यक्तिको जीवनमा सहयोग पुऱ्याउन सकेमात्र पाठ्यक्रमको सान्दर्भिकता ठहरिन्छ । बिभिन्न मनोवैज्ञानिक, शिक्षाविद, दार्शनिकहरुले मानव जीवनलाई आ-आफ्नै तवरबाट परिभाषित गरेका छन् । जसमा एक किसिमको धारणा पाउन सकिदैन । समय परिवर्तनशील छ, समय परिबर्तनशिलता सँगै मानव र मानव समाजको आवश्यकता पनि दिन दिनै जटिल बन्दै गइरहेको अवस्थामा शिक्षाले व्यक्ति र समाजका आवश्यकताहरुलाई पाठ्यक्रममा समावेश गरी मानव जीवनसँग सान्दर्भिक बनाउने गर्नुपर्दछ । सोही अनुरुप शैक्षिक सामग्रीहरुको प्रयोग गरी पाठ्यक्रमको उद्देश्य पुरा गर्नु पर्दछ । मन्टेश्वरी कक्षामा बालबालिकाहरुलाई शिक्षण गराउदा स्थानीय ठाँउमा उपलब्ध सामग्रीहरुको प्रयोग गर्दा बालबालिकाहरुलाई सहज तरिकाबाट सिक्न सक्दछन् भन्ने कुरा सञ्चालक र शिक्षिकाहरुबाट पाइयो ।

मन्टेश्वरी कक्षामा स्थानीय शैक्षिक सामग्रीको प्रयाग गरी सिकाइलाई अर्थपुर्ण र दीर्घकालीन बनाउनु वर्तमान आवश्यकता हो । बालबालिकाहरुमा शिक्षण गर्दा पाठ अनुरुपको शैक्षिक सामग्री छनौट आवश्यक हुन्छ । बालबालिकाहरुको रुचि, पढाई, सृजनात्मक क्षमताको विकास गरी सिकाई उपलब्धिमा प्रगति गरी योग्य, सक्षम, दक्ष जनशक्ति तयार गर्न गाँउघरमा सर्वसुलभ रुपमा प्राप्त गर्न सकिने सामग्रीहरुको प्रयोग उपयुक्त हुन आउछ । उद्देश्य अनुरुपका शैक्षिक सामग्रीहरुले विधार्थीहरुमा सकारात्मक प्रभाव पार्न देखिन्छ । मानव शरीरको सबैभन्दा शक्तिशालि अंग भनेको आँखा हो । म जे सुन्छु, त्यो विर्सन्छु । म जे गर्छु त्यो सम्भन्छु । म जे देख्छु, त्यो बुज्छु, यो भनाइबाट समग्र बालकको चौतर्फि विकास गर्न स्थानीय सामग्रीको प्रयोग नै बढी प्रभाबकारी हुने देखिन्छ ।

स्थानीय स्तरमा उपलब्ध सामग्रीसँग बालकको इच्छा, चाहाना, क्षमता अनुरुप खेल्दै सिक्ने बातावरण सृजना गरेमा राम्रो शैक्षिक उपलब्धि प्राप्त हुने कुरा अनुसन्धानबाट देखिन्छ । बालबालिकाहरुलाई उनीहरुको सृजनात्मक क्षमताको अभिवृद्धि गर्न बालकेन्द्रित शिक्षण विधि प्रयोग गरि पाठ्यक्रम सान्दर्भीक स्थानीय शैक्षिक सामग्रीको प्रयोग बढाउनु पर्ने देखिन्छ ।

### ४.२.५ सिकाइ उपलब्धि

कुनै पनि शैक्षिक संस्थामा अपेक्षीत उद्देश्य प्राप्त गर्नका लागी त्यहाँ प्रयोग भएका शैक्षिक सामग्रीहरुले अहम भुमिका खेलेको हुन्छ । नमुना छनोटमा परेका ३ वटै मन्टेश्वरीका बालबालिकाहरुको सिकाइमा शैक्षिक सामग्रीको प्रभाव सम्बन्धि विश्लेषण गर्दा कोड नं. B मा स्थानीय शैक्षिक सामग्रीको अप्रयाप्तताको कारण शैक्षिक उपलब्धि कम भएको थाहा पाइयो । भने संस्था A र C मा स्थानिय शैक्षिक सामग्री र अन्य सामग्रीको प्रयोग बढी मात्रामा गरिएको हुनाले उपलब्धि पनि राम्रो रहेको पाइयो । संस्था B मा पहिलाको तुलनामा नतिजा क्रमिक रुपमा बढेको पाइयो । अघिल्लो बर्षको तुलनामा हालको बर्षमा आधुनिक सामग्रीहरुको प्रयोग बढी भएकोले मन्टेश्वरी कक्षा शिक्षणमा सिकाई उपलब्धि

राम्रो पाइयो । नमुना छनोट परेका मन्टेश्वरीको उपलब्धिलाई पाराग्राफमा प्रस्तुत गरिएको छ ।

भरतपुर महानगरपालिकामा अवस्थित विभिन्न मन्टेश्वरीहरु मध्ये नमुना छनोटमा परेको नारायणी किड्सजोन मन्टेश्वरी किड्स टाउन मन्टेश्वरी र ओम शान्ती बालबालिका मन्टेश्वरीहरुको शैक्षिक सत्र २०७२ र २०७३ सालको विद्यार्थी भर्ना र उपलब्धी विवरणहरु यस प्रकार रहेको पाइयो । नारायणी किड्सजोन मन्टेश्वरीको शैक्षिक सत्र २०७२ सालको विवरणमा विद्यार्थी भर्ना २५ जना रहेको पाइयो । जसमा उत्तम १२ जना मध्यम १० जना र सामान्य ३ जना रहेको पाइयो । सोही मन्टेश्वरीको शैक्षिक सत्र २०७३ सालमा जम्मा विद्यार्थी भर्ना सङ्ख्या ३२ जना रहेको पाइयो । जसमा उत्तम २५ जना मध्यम ५ जना सामान्य २ जना रहेको पाइयो ।

किड्स टाउन मन्टेश्वरी को शैक्षिक सत्र २०७२ सालको विवरणमा विद्यार्थीहरु १८ जना भर्ना भएको पाइयो । जसमा ८ जना उत्तम ६ जना मध्यम र ४ जना सामान्य रहेको पाइयो । भने सोही मन्टेश्वरी को शैक्षिक सत्र २०७३ सालमा २४ जना विार्थीहरु भर्ना रहको पाइयो । जसमा उत्तम १९ जना मध्यम ३ जना र सामान्य २ जना रहेको पाइयो ।

ओमशान्ती बालबालिका मन्टेश्वरीको शैक्षिक सत्र २०७२ सालको विद्यार्थी भर्ना जम्मा २० जना रहेको छ । जसमा १५ जना उत्तम ३ जना मध्यम र २ जना सामान्य रहेको पाइयो । भने सोही मन्टेश्वरी को शैक्षिक सत्र २०७३ सालमा जम्मा विद्यार्थी भर्ना २६ जना रहेको पाइयो । जसमा १८ जना सामान्य ४ जना मध्यम र ४ जना सामान्य रहेको पाइयो ।

माथिको पाराग्राफ अनुसार ABC मन्टेश्वरीमा सञ्चालित कक्षाहरुमा शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धी कस्तो छ, भनी मन्टेश्वरी प्रशासनबाट प्राप्त शैक्षिक सत्र २०७२ मा भर्ना भएका ६३ बालबालिकाहरु मध्ये ५५.५६ प्रतिशत उत्तम ३०.१६ प्रतिशत मध्यम र १४.२९ प्रतिशत सामान्य रहेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०७३ मा ८२ जना विद्यार्थीहरु

भर्ना भएकोमा ७५.६१ प्रतिशत उत्तम, १४.६३ प्रतिशत मध्यम र ९.७६ प्रतिशत सामान्य रहेको तथ्यांक प्राप्त भएको छ ।

मन्टेश्वरी कक्षामा शैक्षिक सामग्रीको प्रभावकारितालाई माथिका पाराग्रापमा उल्लेखित तथ्याङ्कको विश्लेषण गर्दा ३ वटै मन्टेश्वरीको अघिल्लो शैक्षिक सत्र २०७२ को मन्टेश्वरी कक्षाहरुको उपलब्ध स्तरलाई गुणात्मक किसिमले हेर्दा न्युन रहेको पाइयो र शैक्षिक सामग्रीको उपलब्धिमा कमी र शिक्षिकाले स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न झन्झट मान्ने हुनाले उपलब्धी कम भएको पाइयो । भने २०७३ मा मन्टेश्वरी कक्षाहरुको उपलब्धी स्तर गुणात्मक हुनुमा अध्यापनरत शिक्षिकाहरुले स्थानीय वस्तुहरुको प्रयोग, श्रव्यदृश्य सामग्रीहरुको प्रयोग गर्नुका साथै शिक्षिकाहरुले आफ्नो जिम्मेवारी निभाउने क्रममा सक्रिय रहेको कारण राम्रो नतिजा आएको पाइयो । मन्टेश्वरी कक्षामा अध्यापन गराउने शिक्षिकाहरुले शैक्षिक सत्रको सुरुवात बाटै मेहनतका साथै स्थानीय सामग्री निर्माण गरी प्रयोग गर्ने गरेमा अपेक्षित उपलब्धी प्राप्त गर्न सकिने कुरा व्यक्त भएको पाइयो ।

## ४.३ मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्दा आइपर्ने समस्याहरु

बालबालिकाहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याई शिक्षण सिकाईलाई प्रभावकारी बनाउनका लागी शैक्षिक सामग्रीको महत्वपुर्ण भुमिका हुन्छ । शैक्षिक सामग्रीहरु छनोट प्रकृयामा विषयवस्तु अनुसार मिल्ने शैक्षिक सामग्रीहरुको छनोटका साथै निश्चित शिक्षण पद्धतिको छनोट गर्नुपर्दछ । एउटा असल कक्षा शिक्षणको लागी आवश्यक सामग्रीहरु सहजै उपलब्ध हुन सक्ने हुनुपर्छ । कम लागत वा मुल्य नपर्ने स्थानीय शैक्षिक सामग्रीहरुको प्रयोगले शिक्षणलाई रोचक बनाउनुका साथै विद्यार्थीहरुमा सृजनात्मक प्रतिभालाई वृद्धि गर्ने गर्दछ । शिक्षणमा नभई नहुने आधारभुत सामग्री, कक्षाकोठा सामग्री, पुरक सामग्री स्थानीय श्रोतमा पाइने सामग्री, श्रव्यदृश्य सामग्रीको उचित प्रयोग र भण्डारण आवश्यक हुन्छ । नमुनामा परेको मन्टेश्वरीहरुको कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्दा आइपर्ने समस्याहरुलाई निम्न बुँदामा प्रष्ट पार्न खोजिएको छ ।

### ४.३.१ सामग्री निर्माणमा समस्या

मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय स्तरमा खेर गइरहेको वा स्थानीय स्तरमा उपलब्ध वस्तुको निर्माण र प्रयोगमा अति नै ध्यान पुऱ्याउनु पर्दछ । जसको प्रयोगले कलिला बालबालिकाहरुको कलिला मतिष्कमा सजिलै आफ्नो प्रवाह पार्ने गर्दछ । कुनै पनि कक्षाको कक्षाशिक्षण गर्दा मन्टेश्वरीले स्थानीय सामग्रीहरुको निर्माण र संकलनमा जोड दिनु आवश्यक हुन्छ । आजको २१ औं शताब्दिको वैज्ञानिक युग सुहाउदो शिक्षा दिनको लागी मन्टेश्वरी कक्षाका लागी स्थानीय शैक्षिक सामग्री उपयोग प्रभावकारी देखाए पनि प्रयाप्त मात्रामा संकलन र निर्माण नभएको अवलोकन फारमबाट थाहा भएको छ । अध्ययनको क्रममा मुद्रित र दृश्य सामग्रीको निर्माण, कक्षको अभावका कारण प्रयोगमा बाधा पुगेको थाहा भएको छ । सम्बन्धित सरोकारवालाहरुले स्थानीय शैक्षिक सामग्रीको औचित्यता बुझ्न नसक्नुका कारणले र तालिम अप्राप्त शिक्षिकाहरुलाई तालिमको व्यवस्था नहुनाले शैक्षिक सामग्रीहरु निर्माणमा समस्या देखा परेको नमुना छनोटमा परेका मन्टेश्वरीहरुको अवलोकन भ्रमणबाट अनुभुत भयो ।

### ४.३.२ शैक्षिक सामग्री प्रयोग

परिवार बालकको पहिलो पाठशाला हो, भने मन्टेश्वरी दोश्रो पाठशाला हो । आमाबावु पछिको गुरु भनेको नै शिक्षक हुन् । जसरी एक आमाबावु र उनको सन्तान प्रतिको सम्वन्ध जति घनिष्ट हुने गर्दछ । त्यसरी नै शिक्षक र विद्यार्थी बिचको सम्बन्ध पनि प्रगाद हुने गर्दछ । एउटा असल कलाकारको हातमा विग्रेको बाद्ययन्त्र पनि ठिक सँग बज्दछ, भने झैं एउटा कुशल शिक्षिकाले बालबालिकाको मनोभावना बुझी भएका शैक्षिक सामग्रीलाई सहि तरिकाले सन्तुष्टि प्रदान गर्न सक्दछ । शिक्षक प्रेरणाको स्रोत, ज्ञानको केन्द्रबिन्दु हुने भएकोले शैक्षिक सामग्री प्रयोग गर्ने क्रममा तालिम प्राप्त हुनु आवश्यक हुन्छ । भावनात्मक रुपमा यी सबै कुराहरुको जानकारी हुदाँ हुदै पनि शैक्षिक समग्रीहरुको प्रयोगको समस्या नमुना छनोटमा रहेका मन्टेश्वरीहरुमा पुनर्ताजकी तालिमको अभाव, गैर

जिम्मेवारीपन, प्रयोग कक्षको अभाव र तालिम अप्राप्त शिक्षिकाहरुलाई मन्टेश्वरी तालिमको अभाव देखिएको छ ।

### ४.३.३ शैक्षिक सामग्रीको व्यवस्थापन

मन्टेश्वरी कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको निर्माण र प्रयोग जति आवश्यक हुन्छ । त्यति  नै मात्रामा उक्त सामग्रीहरुलाई व्यवस्थित तबरले व्यवस्थापन गर्नु आवश्यक हुन्छ । संकलन गरिएका शैक्षिक सामग्रीको उचित तबरले चुस्त दुरुस्त राख्नु नै शैक्षिक सामग्रीको व्यवस्थापन हो । कुन-कुन सामग्री कसरी र कस्तो ठाउँमा राख्नाले नबिग्रने र खेर नजान सक्छ आवश्यक परेको समय कसरी तुरुन्तै प्रयोग गर्न सकिन्छ, भनि सुरक्षित साथ राख्नु पर्दछ । कक्षाकोठामा रहेको भौतिक सामग्री,  शैक्षिक सामग्री, खेलकुद एवम् मनोरञ्जनका सामग्रीहरु आकर्षण किसिमले व्यवस्थापन गर्न नसक्नु मन्टेश्वरी कक्षाको ज्वलन्त समस्या हो । अध्ययनको क्रममा नमुना मन्टेश्वरीहरुमा शैक्षिक सामग्री व्यवस्थापन कक्षको अभाव, शिक्षिकामा जिम्मेवार पुर्ण धारणको कमि र उचित अनुगमनको अभाव रहेको पाइयो । स्थानीय शैक्षिक सामग्री सहज रुपमा प्राप्त गर्न सकिने भएता पनि संकलन प्रयोग र व्यवस्थापनमा शिक्षिकाले त्यति चासो नराखेको पाइन्छ ।

## ४.४ मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरुको समाधानका उपायहरु

नमुना छनोटमा परेका मन्टेश्वरीका सञ्चालक, शिक्षिका, अभिभावकहरुलाई मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या समाधानका उपाय बुझ्ने मनसायले विभिन्न प्रश्नहरु सोधिएको थियो । र यसको प्रयोग प्रभावकारिताबारे उनीहरुले औल्याएका मुल पक्षहरु तालिम प्राप्त योग्य शिक्षिकाहरुको व्यवस्था, शिक्षिकाहरुलाई सुविधा प्रदान, भौतिक पुर्वाधारको विकास, स्थानीय शैक्षिक सामग्रीहरुको निर्माण, अतिरिक्ति क्रियाकलापहरुको आयोजना, दण्ड र पुरस्कारको प्रावधान कार्यक्रमको अनुगमन र मुल्यांकन, शिक्षिकाहरु एवम् अभिभावकहरुलाई अभिमुखीकरण कार्यक्रम आदी रहेको थियो

र वर्तमान अवस्थामा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएको समस्या समाधान गर्न उनीहरुको प्रति उत्तर निम्नानुसार रहेको पाइयो ।

### ४.४.१ स्रोत र सामग्री

बालबालिकाहरुलाई उत्प्रेरित गर्ने किसिमका स्थानीय सामग्रीहरुको निर्माण र वितरण तयार पार्ने बालबालिकाहरुका शारीरिक स्वस्थतालाई ध्यानमा राखी खेलकुदका सामग्रीहरुको व्यवस्था गर्ने । स्थानीय शैक्षिक सामग्री निर्माण गर्न शिक्षिकाहरुलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गर्दा राम्रो हुन्छ । मन्टेश्वरी शिक्षिकाहरुलाई शैक्षिक सामग्री निर्माणमा सञ्चालकहरुले सहयोग र प्रोत्साहन गर्नुपर्ने देखिन्छ । प्रभावकारी रुपमा पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ । अध्ययपनरत शिक्षिकाहरुलाई आफ्नो सेवा प्रति लगनशील हुनुको लागी आर्थिक रुपमा सेवा सुविधाको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । कक्षाकोठामा शैक्षिक सामग्री प्रयोग भए नभएको अनुगमन गरी दण्ड, पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ तालिम प्राप्त शिक्षिका

मन्टेश्वरी कक्षा शिक्षणमा शिक्षिकाहरु भर्ना गर्ने क्रममा मन्टेश्वरी तालिम प्राप्त शिक्षिकाहरुको चयन गर्नुपर्ने देखिन्छ । त्यस्तै कुनै पनि शिक्षिकाहरु तालिम अप्राप्त भएको खण्डमा मन्टेश्वरीले तालिमको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । शिक्षिकाहरुलाई बिशेष र अतिरिक्त व्यवस्था गर्नुका साथै पुनर्ताजकी तालिमको प्रवन्ध मिलाई शिक्षिकाहरुको कार्यदक्षता बढाउने गर्नुपर्दछ । बालबालिकाहरुको रुचि, चाहाना र आवश्यकता बुझी शिक्षण गराउन सक्ने योग्य, उत्साही तथा शिक्षण प्रति लगनशीलता भएको शिक्षिकाको छनोट गर्नु पर्ने देखिन्छ ।

### ४.४.३ दण्ड र पुरस्कार

कुनै पनि पेशालाई सकारात्मक ढंगबाट सफल पार्नको लागी आवश्यकता अनुसार दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्दछ । मन्टेश्वरीमा प्रयोग गरीने शैक्षिक सामग्रीहरुको सही रुपमा

परिचालन भएको छ, कि छैन जस्ता पक्षहरुलाई ध्यानमा राखी नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नुपर्दछ । शिक्षिकाहरुको पेशा प्रतिको लगनशीलता, समय पालन, नियमितता, कार्यदक्षता र उपलब्धि स्तरलाई आधार मानी पुरस्कृत गर्नु पर्ने देखिन्छ ।

## ४.४.४ भौतिक पूर्वाधारको विकास

भौतिक व्यवस्थापन भन्नाले कक्षाकोठामा प्रयोग गरीने शैक्षिक सामग्रीको निर्माण, विद्यार्थीको फर्निचर र बसाइको व्यवस्था, शैक्षिक सामग्रीको प्रयोग र राख्ने ठाँउको उपलब्धताका साथै कक्षाकोठा बाहिर रहेका सम्पुर्ण पक्षहरुको सहि रुपमा व्यवस्थापन मिलाउनु हो । यसरी कुनै पनि शिक्षण संस्थाले आफ्नो भवन र कक्षाकोठाको निर्माण व्यवस्थित तरिकाले गर्नुपर्दछ । विद्यालय वरिपरि पर्खाल, सफा पिउने पानी, खेल मैदान, सफा चर्पी आदिको व्यवस्था, शैक्षिक सामग्री निर्माण र प्रदर्शन कक्षको छुट्टै व्यवस्था गरिनु पर्दछ ।

## ४.४.५ शैक्षिक उपलब्धि वृद्धि

मन्टेश्वरी कक्षामा शैक्षिक उपलब्धी वृद्धि गर्ने बालबालिकाहरुको मनोभावना बुझी उनीहरुको रुचि, क्षमता र उमेर अनुसारको शैक्षणिक क्रियाकलाप सञ्चालन गराउने । बाल केन्द्रित शिक्षण विधिको प्रयोगको निम्ती आवश्यक पर्ने शैक्षिक सामग्रीहरु स्थानीय बजारबाट उपलब्ध गराइ यसको प्रयोगमा जोड दिने । बालबालिकालाई नकारात्मक संवेगहरु हुने वातावरणको अन्त्य गर्ने, शिक्षिकाहरुलाई उपयुक्त पारिश्रमिकको व्यवस्था गर्ने, शिक्षिका र बालबालिकाको नियमित उपस्थिति हुनु पर्ने, अभिभावकहरुसँग नियमित रुपमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, मन्टेश्वरी कक्षामा खेल तथा मनोरञ्जनका साधनहरुको अधिकतम परिचालन गर्ने । त्यसै गरी बिषयसँग सम्बन्धित श्रोत सामग्री उपलब्ध गराउने, स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री बारे शिक्षकलाई जानकारी गराउने, शिक्षिकालाई निर्देशिका उपलब्ध गराई अनिवार्य प्रयोग गर्न लगाउने, शिक्षक तालिमको व्यवस्था गर्ने, शिक्षण भार कम गराउने, कक्षा व्यवस्थापनमा सुधार ल्याउने,

शैक्षिक सामग्री संकलन गरी भण्डार गर्ने कक्षाकोठाको व्यवस्था गरी अनुगमन नियमित रुपमा गर्नुपर्ने देखिन्छ ।

नमुना छनोटमा रहेका विभिन्न मन्टेश्वरीका सञ्चालक, शिक्षिका, अभिभावक, विद्यार्थी, आयाको प्रतिक्रिया र विभिन्न बिद्धानहरुको लेखरचनाका आधारमा छुट्टै विचार पाइएका छन् । मन्टेश्वरीको स्रोत साधन र स्थानीय स्तरमा उपलब्ध साधनलाई अधिकतम उपयोग गरी शिक्षण सिकाइ कार्यमा प्रभावकारिता ल्याउन सकिन्छ । मन्टेश्वरीले गरेको लगानी ्र अभिभावकले गरेको लगानीको प्रतिफल प्राप्त गर्न मन्टेश्वरीले कक्षाकोठा शिक्षणमा ध्यान दिनु पर्ने देखिन्छ । कक्षाकोठाको शिक्षणमा सिकाइ दीर्घकालिन रुपमा स्मरणयोग्य र अर्थपुर्ण बनाउन स्थानीय सामग्री बढी सान्दर्भिक हुन आउँछ । स्थानीय सामग्रीको बढी प्रयोग गरी शिक्षण सिकाई गर्दा रोचकता बढ्ने र ती सामग्रीको सस्तो सुलभ तरिकाबाट प्राप्त गर्न सकिन्छ । स्थानीय प्रविधि उपयोग हुने भएकोले व्यवहारिक र वास्तविक ज्ञान दिन मदत गर्दछ । स्थानीय सामग्रीको प्रयोग गरी स्थानीय रुपमा शैक्षिक सामग्री तयार पार्न शिक्षिकालाई उत्प्रेरणा प्रदान गर्ने, तालिममा सहभागी गराउने, तालिमबाट सिकेका कुरालाई व्यवहारमा उतार्न सहयोग गर्ने, दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने र सरोकारवालाले सबै पक्षबाट जिम्मेवार वहन गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

शिक्षा जन्मेदेखि मृत्यु पर्यन्त सम्म निरन्तर रुपमा चलिरहने प्रकृया हो । व्यक्तिमा रहेको अन्तरनिर्हित प्रतिभालाई बाहिरी बातावरणमा ल्याउने काम शिक्षाले गर्ने गर्दछ । त्यसैले शिक्षालाई मानव विकासको एउटा महत्वपुर्ण पक्षको रुपमा लिने गरिन्छ । मानिसले जन्मेदेखि नै कुनै न कुनै माध्यमबाट शिक्षा लिइ रहेको हुन्छ । बालबालिकाहरुको औपचारिक शिक्षा मन्टेश्वरी तहबाट नै क्रमश शुरु हुन्छ । मन्टेश्वरी कक्षामा बालबालिकाहरुले असल बानिको विकास, सिर्जनशिल भावना, असल र खराब छुट्याउने जस्ता प्रारम्भिक ज्ञान प्राप्त गर्ने गर्दछन् । उनीहरुको भविष्य उज्वल बनाउनका लागी बालकका जिम्मेवार पक्षहरु अभिभावक, समाज, मन्टेश्वरी र सम्बन्धित सरोकारवालाहरु समयमा नै सचेत रहनु आवश्यक हुन्छ । मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग शिर्षकमा मन्टेश्वरी कक्षामा शिक्षण गर्दा प्रयोग गरीने स्थानीय शैक्षिक सामग्रीको बर्तमान अवस्था पहिचान गर्नु, शैक्षिक सामग्रीको प्रयोगमा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु, कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरु पत्ता लगाउनु र देखिएका समस्याहरुको समाधानमा उपायहरु सुझाउने उद्देश्यहरु राखिएको छ ।

अध्यपनको क्रममा विभिन्न शिक्षाविद, मनोवैज्ञानिकहरुको लेख, रचना, पत्रपत्रिका, सोधग्रन्थ, छनोट गरिएका मन्टेश्वरीका सञ्चालकहरु, शिक्षिकाहरु , अभिभावक र आया सँगको प्रश्नावलि र कक्षाकोठाको अवलोकनको क्रममा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरेका मन्टेश्वरीमा बालबालिकाको सिकाइ उपलब्धि पनि उत्साहजनक र शैक्षिक सामग्री प्रयोग नगरीएका मन्टेश्वरीको उपलब्धि कम भएको अध्ययनको क्रममा पाइयो ।

यस अध्ययनको सैद्धान्तिक खाका फ्रोबेलद्धारा प्रतिपादित किन्डर गार्टेन प्रणली अनुरुप नै हेर्ने जमर्को गरिएको छ । बालबालिकाहरुको रुचि, चाहाना आवश्यकता र उमेरलाई मनोवैज्ञानिक ढंगबाट स्वतन्त्र रुपले खेल्दै रमाउदै शैक्षिक सामग्रीहरुबाट सृजनशीलताको विकास हुन पुग्दछ, भन्ने सैद्धान्तिक खाकासँग सम्बन्धित रहेको पाइयो । मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्री निर्माण सम्बन्धी अध्ययन गर्ने क्रममा कक्षा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था अपुरो एवम् अपुग हुनुका साथै स्थानीय स्तरको शैक्षिक सामग्री सम्बन्धी जानकारी पुर्ण रुपमा हुन नसकेको पाइयो । यस शोधपत्रमा शिक्षण गर्दा के-कस्ता स्थानीय सामग्रीको प्रयोग भएको छ ? स्थानीय शैक्षिक सामग्रीको प्रयोगले कस्तो प्रभाव पारेको छ ? मन्टेश्वरी कक्षा शिक्षणमा कस्ता समस्याहरु देखिएका छन् ? कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्दा भेटिने समस्याहरुको समाधानका उपायहरु के-के हुन सक्छन् ? जस्ता प्रश्नहरुमा केन्द्रित गरी निराकरणका उपायहरु के-के हुन सक्छन् ? जस्ता प्रश्नहरुमा केन्द्रित गरी निराकरणका उपायहरु खोजि गरिएको छ । प्राप्त भएको तथ्याङ्कहरुको व्याख्या र विश्लेषणबाट निम्नानुसारको निष्कर्ष निकालिएको छ ।

मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धी बृद्धि हुने आम धारण भएपनि आधारभुत सामग्री बाहेक अन्य सामग्रीको प्रयोगमा कमि देखिन्छ । A र C मन्टेश्वरीमा सेवासुविधा र मासिक तलब राम्रो नै भएकोले अध्यापनरत कार्यमा उत्सुकता देखियो भने B मन्टेश्वरीमा मासिक तलब कम भएकोले अध्यापनरत कार्यमा शिक्षिकाहरु सक्रिय नभएको पाइयो । मन्टेश्वरी तहमा सबै समय त्यहि कक्षामा बिताउनु पर्ने भएकोले शिक्षिकाहरुलाई उपयुक्त सेवा सुविधा, प्रोत्साहन मुलक कार्यक्रमहरु, सञ्चालन गर्नु पर्ने देखिन्छ, साथै अभिभावकहरुलाई अभिमुखिकरण कार्यक्रमको व्यवस्था गर्नु पर्दछ । मन्टेश्वरीको शैक्षिक गुणस्तर बृद्धि गर्न प्रत्येक मन्टेश्वरीमा स्थानीय शैक्षिक सामग्री निर्माण र भण्डार कक्षको व्यवस्था, शिक्षिकालाई तालिम भत्ताको व्यवस्था गर्नु पर्दछ । शैक्षिक सामग्री निर्माण तथा संकलन व्यवस्थित नभएकोले शैक्षिक सामग्रीको निर्माण गर्न स्थानीय स्रोत , साधन र प्रविधिको उपयोग गर्नुपर्दछ । जसको लागी तालिमको व्यवस्था गर्न शिक्षक

एवम् विद्यार्थीलाई थप हौसला प्रदान गर्न पुरस्कारको व्यवस्था गर्न र शिक्षिकाहरुलाई सामग्री निर्माण तथा संकलनको जिम्मेवारी प्रदान गर्ने जस्ता कार्य गर्नुपर्दछ ।

मन्टेश्वरी कक्षामा शिक्षण गर्दा बजारीय सामग्री र स्थानीय सामग्री दुबै प्रयोग भएको पाइयो । तालिम प्राप्त योग्य शिक्षिकाहरुले सहि ढंगबाट स्थानीय सामग्रीहरुको प्रयोग गरी शिक्षण गर्ने गरेमा सिकाई दिगो र व्यवहारिक हुने देखिन्छ । स्थानीय सामग्रीहरु सस्तो र सुलभ हुनुका साथै बालबालिकाहरु परिचित हुने हुनाले सिकाई दीर्घकालीन हुने धारणा रहेका पाइन्छ । मन्टेश्वरी कक्षामा स्थानीय शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाको रुचिमा, सृजनशिलतामा, पाठ्यक्रमको सान्दर्भिकतामा, सिकाइ उपलब्धि जस्ता पक्षहरुमा प्रभाव पर्ने कुरामा सबैको सहमत पाइयो ।

## ५.२ सुझावहरु

मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाको चौतर्फी विकासमा सकारात्मक प्रभाव कसरी पार्दो रहेछ भन्ने बिषयमा अध्ययन गर्ने क्रममा अध्ययन, अवलोकन, प्रश्नावलीहरु र छलफलबाट सुचना तथा जानकारीहरुको आधारमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगलाई व्यवस्थित बनाई गुणस्तरीय शैक्षिक उपलब्धी प्राप्त गर्न नीति निर्माण तह र कार्यान्वयन तहले खेल्नु पर्ने भुमिकालाई आफ्नो लामो समयको अध्यपन स्वरुप निम्न सुझावहरु दिइएको छ ।

### ५.२.१ नीतिगत तह

कुनै पनि देश र राष्ट्रको समग्र विकासमा बालबालिकाहरुको महत्वपुर्ण भुमिका रहेको हुन्छ । त्यसैले बालबालिकाहरुलाई भोलिका कर्णधारको रुपमा लिने गरिन्छ । मन्टेश्वरी तहमा कुनै पनि दीर्घकालीन योजना बनाउदा बालबालिकाहरुको रुचि र चाहानालाई ध्यानमा राखी अध्यापन गराउनु पर्ने देखिन्छ । दीर्घकालिन योजनाले समग्र पक्षलाई फाइदा गर्न गर्दछ । जस्तै :- यदि तिमी १ वर्षको लागी योजना बनाउछौं, भने धान रोप, १० बर्षको

योजना बनाउछौं भने रुख रोप र सय बर्षको लागी योजना बनाउछौं भने व्यवहारिक र बैज्ञानिक शिक्षा प्रदान गर भन्ने भनाई बाटै प्रष्ट हुन्छ, कि योजना बनाउदा दीर्घकालिन योजना बनाउनु पर्दछ । मन्टेश्वरी कक्षाको शिक्षा बालबालिकाको प्रारम्भिक शिक्षाको जग भएकाले उक्त कक्षामा अध्यापन गराउने शिक्षिका योग्य, तालिम प्राप्त, ममतामयी हुनु पर्ने देखिन्छ । बालबालिकाको संख्या अनुसार शिक्षिकाको भर्ना र सफा पिउने पानी, उनीहरुलाई छुट्टै बालबगैचाका साथै स्थानीय स्तरमा उपलब्ध बस्तुबाट निर्माण गरिएका शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्ने देखिन्छ । शिक्षिकाहरुलाई अत्यन्तै कम पारिश्रमिक उपलब्ध गराई बालबालिकालाई सिकाउने नभै भुलाउने जस्तो काम भएकोले योग्यता अनुसारको सेवा सुविधामा वृद्धि गर्नुपर्ने देखिन्छ । मन्टेश्वरी तालिम दिने संघसस्थाबाट शिक्षिकालाई स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धमा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ । बालबालिकाहरुले सिकाई उपलब्धी कत्तिको प्राप्त गरे भन्ने सम्बन्धमा प्रत्येक महिनाको एक पटक कक्षा अवलोकन गरी हाल चलिरहेको अवस्थामा सुधार गर्नु पर्ने भएमा सुझाव, परामर्श अभिप्रेरण दिनु पर्ने हुन्छ । बालबालिकाले सजिलै सिकाई उपलब्धी हासिल गर्न सक्ने स्थानीय शैक्षिक सामग्री संकलन र प्रयोग ममतापुर्ण ढंगबाट गर्नु पर्ने देखिन्छ । र अभिभावक लाई समय समयमा विद्यालयमा उपस्थित भई त्यहाँको बस्तु स्थिति र बच्चाको सिकाई उपलब्धी बिष्लेषण गर्नलाई सचेतना जागृत गराउनु पर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

मन्टेश्वरी तहको बालबालिकाहरुको सिकाईको केन्द्रबिन्दु भनेको नै शिक्षिकाहरु हुन् । त्यसैले शिक्षिकाहरु बालमनोविज्ञान सम्बन्धि पुर्ण रुपमा जानकारी भएको हुनुपर्दछ । फलस्वरुप बालबालिकाको रुचि र आवश्यकता अनुसार शिक्षण गर्ने गर्दछ । शिक्षिकाले बालबालिकालाई उत्सुकता पैदा गर्ने, निरन्तर मुल्यांकन गर्ने, राम्रो बानी व्यवहारहरु बसाल्न क्रियाशील रहने र अभिभावक सँग नियमित अन्तरक्रिया गर्नुपर्ने देखिन्छ । अभिभावकले आफ्ना बच्चाहरुलाई घरमा पढ्ने, खेल्ने बातावरण बनाइ दिने, खेलौनाका सामानहरु घरमा नै उपलब्ध गराई दिने र आफ्ना छोराछोरीको शैक्षिक उपलब्धि सम्बन्धमा मन्टेश्वरीमा गई

शिक्षिकासँग परामर्श गर्नु पर्ने देखिन्छ । मन्टेश्वरीमा शिक्षिका छनोट गर्दा बिशेषज्ञहरुले गरेको मुल्यांकन प्रक्रियाबाट योग्य र सक्षम व्यक्ति छनोट गर्ने, मन्टेश्वरीको शैक्षिक एवम् भौतिक पक्ष सुधार्न दीर्घकालीन योजना बनाउने, माथिल्लो निकायबाट प्राप्त सहयोग प्रति अग्रसरता देखाउनु पर्ने देखिन्छ। शिक्षिकाको कार्यलाई अनुगमन मुल्यांकन गरी उचित दण्ड पुरस्कारको व्यवस्था गर्नु पर्ने, शिक्षीकालाई स्थानीय श्रोत, साधन संकलन, निर्माण र प्रयोग गर्नकालागी आत्मनिर्भर बनाउनु पर्ने देखिन्छ । शिक्षिकाहरुले आफ्नो पेशा प्रति उत्सुकता पूर्वक बालबालिकालाई शिक्षण गर्ने मेरो कर्तव्य हो, भनि जिम्मेवारी निभाउनु पर्ने देखिन्छ।

### ५.२.३ अनुसन्धान तह

कुनैपनि शोधपत्र सबै कुरामा पूर्णता नहुन सक्छ। शोधपत्र सँग सम्बन्धित विविध क्षेत्र र पक्षहरु छुटेको हुन सक्छ । यस शोधपत्र "मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग" शिर्षकमा अध्ययन गरिएको छ। यस शोधपत्र सँग सम्बन्धित विभिन्न शिर्षकहरु राखी अध्ययन अनुसन्धानको लागि सिफारिस गर्दछु।

मन्टेश्वरीमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण प्रभावकारी बनाउनको लागी मन्टेश्वरी, मन्टेश्वरीका शिक्षिका लगाएत सम्पूर्ण सरोकारवालाहरुको सकारात्मक सोच र सहयोग हुनुपर्दछ। मन्टेश्वरीमा के कस्तो स्थानीय शैक्षिक सामग्रीहरुको प्रयोग भएको छ र प्रयोग हुन नसक्नुका कारण बारे थप अनुसन्धान गर्नुपर्ने देखिन्छ। मैले अध्ययन अनुसन्धान गरेको शोधपत्रमा २ वर्ष भन्दा माथिका स-साना बालबालिकाहरुको शिक्षण प्रकृयामा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरिएको हुदा यस विषय अर्न्तगत अध्ययन गर्ने चाहने अध्ययनकर्ताले शैक्षिक सामग्रीको प्रयोगले सिकाइ उपलब्धी स्तरमा ल्याउन सकिने सुधार जस्ता शिर्षकको लागि सिफारिस गर्दछु।

र्वतमान अवस्थामा मन्टेश्वरी तहका शिक्षणमा धेरै लगानी गरिएता पनि अपेक्षित उपलब्धी प्राप्त गर्न नसकेको अवस्थामा मन्टेश्वरी तहमा स्थानीय शैक्षिक सामग्रीको निमार्ण संकलन र प्रयोगमा कस्ता समस्याहरु छन् । ती समस्याहरु समाधान गर्न के कस्तो उपायहरु अपनाउन सकिन्छ । मन्टेश्वरीका शिक्षिकाहरु को कार्य दक्षता बढाउनका लागि विभिन्न

तालिमहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । साथै भोलिको दिनहरुमा अध्ययन अनुसन्धान गर्न अनुसन्धान कर्ताले मन्टेश्वरी तहको अध्ययन गर्नका लागि बाल केन्द्रित विधिको प्रयोग गरी शिक्षणलाई रचनात्मक र दीर्घकालिन बनाउने हुदाँ मन्टेश्वरी कक्षामा बाल केन्द्रित विधिको प्रयोग शिर्षकमा अध्ययन गर्न आगामी शोधकर्तालाई सिफारिस गर्दछु ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, बिष्णुप्रसाद (२०६०) *माध्यामिक तह अध्ययन अनुमति पत्र,* परिक्षा दर्पण काठमाण्डौः आशिष पुस्तक भण्डार ।

आचार्य, बलराम (२०६५), *आर्थिक विकासको समाजशास्त्र,* काठमाण्डौं : विधार्थी पुस्तक भण्डार ।

आचार्य, सरिता (२०७०) *पुर्व प्राथमिक कक्षा शिक्षणमा स्थानिय शैक्षिक सामग्री* : अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर ।

उपाध्याय, हरिनारायण (२०६६) *शिक्षण सिकाइमा स्थानीय स्रोत र साधनको प्रयोग,* शिक्षक मासिक पत्रिका, काठमाण्डौं ।

के.सी, नरेन्द्र (२०६५) *सामुदायिक विद्यालय र सामुदायद्धारा व्यवस्थापन गरिएका विद्यालय विचको शैक्षिक उपलब्धीको अध्ययन चितवन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र ।

कोवुन (१९६८) *प्राथामिक तह अध्यापन अनुमति पत्र दर्पण,* काठमाण्डौं : आशिष पुस्तक भण्डार ।

गिरी, केशवानन्द र अन्य (२०६५) *सामाजिक अध्ययन शिक्षण भक्तपुर* : शैक्षिक जनशक्ति जनशक्ति विकास केन्द्र ।

थापा, कविता (२०७१) *बालमैत्रि शिक्षको अवधारणा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर ।

पौडेल, नवराज (२०६६), *शिक्षण सिकाइमा प्रभावकारिता बनाउन स्थानीय शैक्षिक सामग्रीहरुको प्रभावकारीता,* पोखरा : विकासका निम्ती शिक्षा

लुइटेल, प्रकाश (२०७१) *शिक्षक सफलता सोपान,* बागबजार काठमाण्डौ : शिक्षा-परीक्षा केन्द्र ।

वाग्ले, मनप्रसाद, ढकाल, माधव प्रसाद (२०५८) *प्राथमिक शिक्षाका सिद्धान्त,* काठमाण्डौ : बिद्यार्थी पुस्तक भण्डार ।

शर्मा एण्ड शर्मा (२०६१) *शिक्षाका आधारहरु,* काठमाण्डौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

शर्मा, चिरान्जीवी र निर्मला (२०६७) *शिक्षा मनोविज्ञान,* काठमाण्डौ : विधार्थी पुस्तक भण्डार ।

क्षेत्री, सरला (२०७२) *बालमैत्री शिक्षाको अवधारणा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शहिद स्मृति क्याम्पस चितवन ।

## मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग

## अनुसूची १

## मन्टेश्वरी सञ्चालकका लागी तयार पारिएको अन्तरवार्ता प्रश्नावली

१. तपाइले मन्टेश्वरी कक्षा संचालन गर्नु भएको कति बर्ष भयो ?

..............................................................................................................

२. सञ्चालक भई मन्टेश्वरीमा काम गर्दा सन्तुष्टि हुनुहुन्छ ?

..............................................................................................................

३. मन्टेश्वरीमा शिक्षिकाहरुको अध्ययपन विधि प्रति बेला बेलामा निरीक्षण गर्नु भएको छ ?

..............................................................................................................

४. मन्टेश्वरी कक्षामा स्थानीय शैक्षिक समग्री प्रयोगमा कस्ता समस्या देख्नु भएको छ ?

..............................................................................................................

५. के स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा सहज छ, यदि छैन भने किन ?

..............................................................................................................

६. मन्टेश्वरीमा सबै शिक्षिकाहरु तालिम प्राप्त छन् ?

..............................................................................................................

७. स्थानीय शैक्षिक सामग्री सम्बन्धि कुनै थप अनुभव प्राप्त गर्नुभएको छ ?

..............................................................................................................

८. तपाईको बिचारमा कक्षाकोठामा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरुको समधान गर्ने उपायहरु के-के हुन सक्छन् ?

..............................................................................................................

## मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग

## अनुसूची २

## शिक्षिकाको लागी तयार पारिएको अन्तरवार्ता प्रश्नावली

१. तपाई मन्टेश्वरीमा शिक्षिकाको रुपमा कहिले देखि नियुक्ति हुनुभयो ?

.......................................................................................................

२. तपाईले पढाउने कक्षामा कति जना बालबालिकाहरु छन् ?

.......................................................................................................

३. तपाईले शैक्षिक सामग्री निर्माण गर्ने तालिम लिनु भएको छ ?

.......................................................................................................

४. स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोग कति मात्रामा गर्नुहुन्छ ?

.......................................................................................................

५. तपाईले पढाउने कोठामा शैक्षिक सामग्री सजाएर राख्नु भएको छ ?

.......................................................................................................

६. बच्चाहरु खेलमा कत्तिको रमाउँछन् ? उनीहरुको रुचि अनुसार खेलाउनु भएको छ ?

.......................................................................................................

७. कक्षामा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्दा कठिनाइ भेट्नु भएको छ ?

.......................................................................................................

८. तपाईको विचारमा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याको समाधान गर्ने उपायहरु के-के हुन सक्छन् ?

.......................................................................................................

**मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग**

## अनुसूची ३

## विद्यार्थीका लागी तयार पारिएको अन्तरवार्ता प्रश्नावली

१. तिम्रो नाम के हो ?

.....................................................................................................................

२. तिम्रो बाबाको नाम के हो ?

.....................................................................................................................

३. तिम्रो आमाको नाम के हो ?

.....................................................................................................................

४. तिमीलाई कुन खेल खेल्न मन पर्छ ?

.....................................................................................................................

५. तिम्रो मन पर्ने खेलौनाको नाम के हो ?

.....................................................................................................................

६. तिम्रो घरमा मन्टेश्वरीमा जस्तै खेलौनाहरु छन् ?

.....................................................................................................................

७. तिमीलाई लुगा लगाउन, जुत्ता लगाउन, सरसफाई गर्न आउँछ ?

.....................................................................................................................

८. तिमीलाई के काम गर्न मन लाग्छ ?

.....................................................................................................................

**मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग**

## अनुसुची ४

## अभिभावकका लागी तयार पारिएको अन्तरवार्ता प्रश्नावली

१. तपाईका छोराछोरी कति जना छन् ?

.........................................................................................................

२. तपाईका छोराछोरी मन्टेश्वरी जाने गरेका छन् ?

.........................................................................................................

३. तपाईका छोराछोरी कति-कति कक्षामा पढ्ने गरेका छन् ?

.........................................................................................................

४. तपाईले घरमा आफ्ना छोराछोरीलाई पढ्न सहयोग गर्नुभएको छ ?

.........................................................................................................

५. घरमा छोराछोरीले केही सामग्री बनाएको थाहा पाउनु भएको छ ?

.........................................................................................................

६. खेलकुदका सामग्रीहरु कत्तिको व्यवस्था गरिदिनु हुन्छ ?

.........................................................................................................

७. तपाईले छोराछोरीको पढाइ सम्बन्धमा मन्टेश्वरीमा गएर कुराकानी गर्नु भएको छ ?

.........................................................................................................

८. तपाईको वरपर पाइने वस्तुहरुले केटाकेटीको पढाइ, लेखाइ र सिकाइमा सहयोग भएको महसुस गर्नु भएको छ ?

.........................................................................................................

**मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग**

## अनुसूची ५

## आयाका लागी गयार पारिएको अन्तरवार्ता प्रश्नावली

१. यस मन्टेश्वरीमा रहनुभएको कति वर्ष भयो ?

..........................................................................................................

२. विद्यार्थीहरुलाई दिनमा कति पटक खाना खुवाउनु हुन्छ ?

..........................................................................................................

३. विद्यार्थीको सरसफाईमा कतिको ध्यान दिनु हुन्छ ?

..........................................................................................................

४. विद्यार्थीको रेख देख प्रति अभिभावक खुसी हुनुहुन्छ ?

..........................................................................................................

५. विद्यार्थीहरु सबै अनुशासित छन् ?

..........................................................................................................

६. शैक्षिक सामग्री विद्यार्थी अनुपात अनुसार छन् की छैनन् ?

..........................................................................................................

७. मन्टेश्वरीमा रहेर गर्नु भएको काम प्रति तपाई सन्तुष्टि हुनुहुन्छ ?

..........................................................................................................

८. तपाईको विचारमा मन्टेश्वरीलाई राम्रो बनाउन के-के गर्नु पर्छ भन्ने लाग्छ ?

..........................................................................................................

## अनुसूची ६

## छनोट गरिएका मन्टेश्वरीहरुको नाम र ठेगाना

| क.सं. | कोड नं. | मन्टेश्वरीको नाम | ठेगाना |
|---|---|---|---|
| १ | A | नारायणी किड्सजोन मन्टेश्वरी | पार्वतीपुर-२१, चितवन |
| २ | B | किड्स टाउन मन्टेश्वरी | टाउन-२२, चितवन |
| ३ | C | ओमशान्ति बालबालिका मन्टेश्वरी | कृष्णचोक-२३, चितवन |

## मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग

## अनुसूची ७

## अवलोकन फारम

**मन्टेश्वरीको नाम :** **ठेगाना :**

| क.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | आवश्यक शिक्षिका संख्या | | | |
| २. | शिक्षिकाको उपस्थिति दर (९० प्रतिशत भन्दा माथि) | | | |
| ३. | शिक्षिकाको समय पालना | | | |
| ४. | अध्यापन विवरण खुल्ने लगबुक | | | |
| ५. | आवश्यक मात्रामा खेलकुदका सामग्रीहरु (पिङ्ग, डोरी, चिप्लेटी, रिङ्ग, चाकाचुली, घोडा, गुडिया, कपडा र कागजबाट बनाइएका सामग्रीहरु आदि । | | | |
| ६. | आवश्यक मात्रामा सरसफाइका सामग्रीहरु (सावुन, रुमाल, ऐना, काइँयो, नङ्कट ) | | | |
| ७. | मुद्रित सामग्रीहरु (पुस्तक,पत्रिका,शिक्षक निर्देशिका) | | | |
| ८. | दृश्य सामग्रीहरु (नक्सा, ग्लोब, चार्ट, चित्र, ग्राफ) | | | |
| ९. | श्रव्य सामग्रीहरु (रेडियो, टेपरेकर्डर) | | | |
| १०. | श्रव्यदृश्य सामग्रीहरु (टि.भी, कम्प्युटर, भिडियो) | | | |

## मन्टेश्वरी कक्षा शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग

## अनुसूची ८

## शैक्षिक सामग्रीको प्रयोगको स्थिति

| को.नं. | मुद्रित सामग्री | दृश्य सामग्री | श्रव्य सामग्री | श्रव्यदृश्य सामग्री | कैफियत |
|---|---|---|---|---|---|
| A | • शिक्षक निर्देशिका<br>• सहयोगी पुस्तक<br>• पत्रपत्रिका | नक्सा, चार्ट, ग्लोब, गुडिया | टेपरेकर्डर, रेडिया, टेलिफोन, | कम्प्युटर, टि.भी | |
| B | • शिक्षक निर्देशिका<br>• दैनिक पत्रिका<br>• सहयोगी पुस्तक | चित्र, खेलौना, तस्बिर, नक्सा, फुल | टेपरेकर्डट, रेडियो, | टेलिभिजन, भिडियो | |
| c | • सहयोगी पुस्तक,<br>• मासिक पत्रिका<br>• कक्षा नोट | गुडिया, तस्बिर, नक्सा, ग्लोब, स्थानिय माटोबाट बनेका सामानहरु | रेडियो-२ थान, | इन्टरनेट ,कम्प्युटर, भिडियो | |